# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषाका माध्यमबाट मानिसहरू अरूका कुरा आफूले बुझ्ने र आफ्ना कुरा अरूलाई बुझाउने गर्दछन् । अरूका विचार वा भाव आफूले बुझ्नु भाषाको बोध हो भने आफ्नो विचार वा धारणा अरू समक्ष पुऱ्याउनु अभिव्यक्ति हो । भाषामा विषयवस्तु सुनेर र पढेर बोध गरिन्छ भने बोलेर र लेखेर अभिव्यक्त गरिन्छ । यसरी सुन्नु, बोल्नु, पढ्नु र लेख्नु यिनै बोध र अभिव्यक्तिलाई भाषिक सिप भन्ने गरिन्छ । भाषाका सिपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइ र भाषातत्वका विविध पक्षमा सक्षम बनाउनका लागि सञ्चालन गरिने शिक्षण सिकाइ कार्यकलापलाई भाषा शिक्षण भनिन्छ (खनिया, २०७५ : २) ।

कुनै पनि भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ र यसको प्रयोग वक्ता र श्रोताको सामीप्यमा हुन्छ । मौलिक भाषा ध्वन्यात्मक माध्यम भएकाले विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ । भाषाको वास्तविक रूप पनि मौखिक नै हो तर विभिन्न कारणले गर्दा मानव समाजमा लिखित भाषाको पनि प्रयोग हुन्छ (पौडेल, २०७०, पृ. १-२) ।

भाषा विचार सम्प्रेषणको माध्यम पनि हो । भाषाका माध्यमबाट मानिसले आफ्ना मनमा लागेका सुखदुःख, माया, दयाका भावहरू प्रकट गरेको पाइन्छ । भाषाकै कारणले विज्ञान प्रविधि, आम सञ्चारको विकास आजको यस स्थितिमा आउन सम्भव छ । यसरी मानव जीवनमा अत्यधिक महत्त्व राख्ने भाषाको शिक्षण सिकाइ कार्यकलाप र भाषिक मूल्याङ्कन पनि भाषिक सिपको दक्षतापूर्ण प्रयोग र व्यवहारमा केन्द्रित हुनुपर्दछ । भाषा मानवीय उच्चारण अवयवहरूबाट उच्चारित यादृच्छिक ध्वनि प्रतीकहरूको व्यवस्था हो । भाषाले नै मानवलाई सर्वश्रेष्ठ प्राणी तथा अन्य प्राणीभन्दा पृथक र विकसित बन्न सहयोग पुऱ्याएको छ ।

भाषिक मूल्याङ्कन, भाषिक सिप र क्षमताको मूल्याङ्कन भएकाले औपचारिक अनौपचारिक जुनसुकै किसिमको मूल्याङ्कन गरे पनि भाषिक सिपलाई महत्त्व दिएर मात्र गर्नुपर्छ । विद्यार्थीको सुनाइ सिपको मूल्याङ्कन सुनाएर गरिने प्रश्नोत्तरबाट, लेखाइ सिपको

मूल्याङ्कन लेख्न लगाएर, पढाइ सिपको मूल्याङ्कन पढ्न लगाएर, सस्वरवाचनद्वारा र बोलाइ सिपको मूल्याङ्कन बोलाइबाट गर्नुपर्छ । भाषा शिक्षणको क्रममा विद्यार्थीहरूको सिप क्षमताको मूल्याङ्कन औपचारिक, अनौपचारिक र निरन्तर मूल्याङ्कन पद्धतिबाट गरी यसबाट प्राप्त उपलब्धिलाई लेखाजोखा गरी अभिलेख राख्नुपर्छ ।

विद्यार्थीको गृहकार्य, कक्षाकार्य, विद्यार्थीको विभिन्न समयको व्यवहारको अभिलेख राखेर मूल्याङ्कन गर्न सकेको खण्डमा विद्यार्थीको बोध तथा अभिव्यक्ति सामर्थ्यको ठिक पहिचान गर्न सकिन्छ । यसैगरी भाषिक मूल्याङ्कनको भरपर्दो सरल र व्यावहारिक साधन भाषिक परीक्षण नै हो । त्यसैले भाषिक परीक्षण भाषा शिक्षण र मूल्याङ्कनकै अभिन्न अङ्ग हो भन्न सकिन्छ । भाषिक परीक्षण उद्देश्यअनुरूप हुनुपर्छ । भाषिक परीक्षण  उद्देश्य अनुरूप नभएको खण्डमा सही मूल्याङ्कन हुन सक्दैन । अतः शिक्षण प्रक्रिया र मूल्याङ्कनबीच सहसम्बन्ध हुनु जरुरी छ । शिक्षण प्रक्रिया सिपपरक तर मूल्याङ्कन विषयपरक भएमा मूल्याङ्कनको कुनै औचित्य हुँदैन ।

वस्तुतः भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई भाषिक सिप र कलाको शिक्षण भएकाले यो अन्य विषयको शिक्षणभन्दा पृथक् र जटिल हुन्छ । भाषा शिक्षणमा मूलतः विषयवस्तुका माध्यमले भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विशेष विकास गर्ने लक्ष्य राखिन्छ । यसरी भाषा पाठ्यक्रम, पाठ्यपुस्तकले अपेक्षा गरेको भाषिक सिप र कलामा नै भाषिक मूल्याङ्कन केन्द्रित हुन्छ । आजभोलि अङ्ग्रेजी भाषाको मूल्याङ्कनमा लिखित र मौखिक गरी सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सिपको परीक्षण गर्ने प्रचलन देखिए पनि नेपाली विषयको भाषिक मूल्याङ्कनमा भने प्रयोगात्मक अभ्यास र मूल्याङ्कनका अन्य साधनहरूको जस्तैः टेपरेकर्डर, अवलोकन, अन्तर्वार्ता, रुजुसवूची जस्ता साधनहरूको प्रयोग गरेको त्यति पाइँदैन । यी सबै साधनहरूको उचित रूपमा प्रयोग गरी भाषा र भाषिक मूल्याङ्कनलाई सैद्धान्तिक रूपमा मात्र सीमित नगरी व्यावहारिक रूपमा मूल्याङ्कन गरी सिकारुलाई भाषिक सिपमा दक्ष र प्रयोगमा अभ्यस्त गराउनु आजको प्रमुख आवश्यकता हो । रा.शि.प.यो. २०२८ ले प्राथमिक तहमा विद्यार्थीको समग्र पक्षको विकास गर्न सकिन्छ भन्ने उद्देश्यले आन्तरिक मूल्याङ्कन, प्रत्येक विद्यार्थीको प्रगति विवरण, व्यवस्थित मूल्याङ्कन, व्यवस्थित प्रश्नपत्र लेखन तथा उत्तरपुस्तिका परीक्षण र अन्तिम परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको व्यवस्था गरेको थियो तर विद्यालयमा आर्थिक अभावका कारण प्रयाप्त मात्रामा साधन र स्रोत उपलब्ध हुन सकेन । त्यसैले पाठ्यक्रम

कार्यान्वयन योजना २०२८ सँगसँगै आन्तरिक मूल्याङ्कनमा परिवर्तन आई लिखित परीक्षामा मात्रै सीमित हुन पुग्यो । समग्र पक्षको मूल्याङ्कनका लागि मूल्याङ्कनका विभिन्न साधनहरूको प्रयोग गरी आवधिक रूपमा मूल्याङ्कन गर्न सकेमा सही परिणाम प्राप्त हुने देखिन्छ । अभ्यास र प्रयोगमा मूलतः भाषा सिकाइमा आधारित हुने हुनाले यसमा औपचारिक मूल्याङ्कन मात्र पर्याप्त हुँदैन । कतिपय कुराहरूको मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको बीचमा गर्नुपर्ने हुन्छ । त्यसैले भाषिक मूल्याङ्कन सम्पूर्ण शैक्षिक प्रक्रियाको एक प्रमुख तत्व हो, जसको कुशल प्रयोगले भाषा शिक्षणलाई उद्देश्यमूलक बनाउन सहयोग पुऱ्याएको छ ।

## १.२ समस्या कथन

भाषा शिक्षण भन्नाले भाषा विषयको शिक्षण नभई भाषिक सिप र कलाको दक्षतापूर्ण सिकाइ कार्यकलाप भएकाले भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तकको अपेक्षा अनुसार विद्यार्थीहरूमा भाषिक मूल्याङ्कनमा के कस्ता भाषिक मूल्याङ्कनका साधनहरूको प्रयोग गरेका छन् भनी प्रस्तुत अनुसन्धान निम्नानुसार समस्याहरूमा केन्द्रित रहेको छ :

(क) कक्षा छमा भाषिक मूल्याङ्कनमा के कस्ता साधनहरूको प्रयोग भएका छन् ?

(ख) भाषिक सिपका दृष्टिले मूल्याङ्कनका साधनहरू के-कस्ता रहेका छन् ?

(ख) कक्षा छमा भाषिक मूल्याङ्कनका साधनको उपयोगको स्थिति के कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

अनुसन्धानमा उद्देश्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उद्देश्य विनाको कार्य गन्तव्य विनाको यात्रा जस्तै हुन्छ । अनुसन्धानको मेरुदण्डको रूपमा उद्देश्यलाई लिन सकिन्छ । यसमा भाषिक मूल्याङ्कनका साधनहरूको शोधकार्यको निम्नानुसार उद्देश्य रहेको छ :

(क) कक्षा छमा नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरू पहिचान गर्नु,

(ख) भाषिक सिपका दृष्टिले मूल्याङ्कनका साधनहरूको विश्लेषण गर्नु,

(ग) उक्त कक्षामा भाषिक मूल्याङ्कनका साधनहरूको उपयोगको स्थिति पत्ता लगाउनु ।

## १.४ अध्ययनको औचित्य

भाषा विचार विनिमयको माध्यम हो । यसैका आधारमा मानवीय विचार आदान प्रदान हुँदै आएको छ । भाषामा दक्ष बनाइ भाषिक प्रयोगमा सिकारुलाई अब्बल बनाउन भाषा शिक्षण गर्ने गरिन्छ । भाषा शिक्षण गर्ने क्रममा सिकारुहरूले के कति मात्रामा सिके भनेर गरिने आकलनलाई भाषिक मूल्याङ्कन भनिन्छ । भाषिक मूल्याङ्कन एउटा निरन्तर चलिरहने प्रक्रिया हो । भाषिक मूल्याङ्कनका सन्दर्भमा विविध खाले तौर तरिका तथा रणनीतिहरू पाइन्छन् । सिकारुले भाषा शिक्षण पछि के र कति मात्रामा भाषामा दक्षता हासिल गऱ्यो भनेर बुझ्नका लागि भाषिक मूल्याङ्कन गर्नु जरुरी हुन्छ । यसरी सिकारुको सिकाइ स्तर पहिचान गर्न गरिने भाषिक मूल्याङ्कन पनि निश्चित साधनहरूका आधारमा गरिन्छ । भाषिक मूल्याङ्कन गर्दा के र कस्ता साधनहरूको प्रयोग गरेर भाषिक मूल्याङ्कन गरिएको छ भन्ने विषयमा जानकारी राख्ने कार्यमा यस अध्ययन सहयोगी सिद्ध हुने कुरामा विश्वास गर्न सकिन्छ । यस अध्ययनका आधारमा विद्यार्थीको सिकाइ स्तर पहिचानमा प्रयोग गरिएका साधनहरू कति मात्रामा प्रयाप्त छन् भन्ने विषयमा जानकारी राख्न सहयोग मिलेको छ । भाषिक मूल्याङ्कनले विद्यार्थीको क्षमता पहिचान गर्न समेत सहयोग मिलेको छ । भाषिक मूल्याङ्कनका साधनहरूको अध्ययनबाट प्रयोग गरिएका साधनहरू कति पूर्ण छन् तथा कति साधनहरू थप गर्नुपर्ने छ त्यसका बारेमा जानकारी भएको छ । भाषिक मूल्याङ्कनमा प्रयोग भएका साधनहरूले विद्यार्थीहरूको सबै पक्षको मूल्याङ्कन भए नभएको जानकारी राख्न समेत यस अध्ययनले सहयोग गरेको छ ।

प्रस्तुत शोधकार्यको रूपमा रहेको कक्षा छमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरूको अध्ययनपश्चात् भाषिक मूल्याङ्कनका सन्दर्भमा के कस्ता साधनहरूको प्रयोग भएको छ तथा प्रयोग गरिएका साधनहरूले विद्यार्थीहरूको मूल्याङ्कनमा कत्तिको सहयोग पुऱ्याएको छ भन्ने जस्ता यावत् विषयमा जानकारी राख्न यो अध्ययनले सहयोग गरेको छ । यसै अध्ययनका आधारमा शिक्षण गर्ने शिक्षक वर्गहरूलाई आफूले प्रयोग गरिरहेको मूल्याङ्कनका साधनहरू कति फलदायी रहेछन् भन्ने बारेमा जानकारी राख्दै आवश्यक थपघट गर्न समेत सहयोग पुऱ्याएको छ । पाठ्यक्रम निर्माता, शिक्षाविद्, अभिभावक लगायत शिक्षासँग सरोकार राख्ने हरेक तह र तप्काका व्यक्तिलाई यस अध्ययनपश्चात् प्राप्त हुने निष्कर्षका आधारमा निर्णय लिन समेत यस कक्षा छमा भाषिक

मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरूको अध्ययन शीर्षकको शोधकार्यले सहयोग पुऱ्याएको छ ।

अतः वर्तमान पाठ्यक्रम अनुसार शिक्षण गरी मूल्याङ्कन गर्दा प्रयोग गरिएका साधनहरू कति प्रभावकारी छन् । कति पूर्ण छन् भन्ने विषयमा केन्द्रित रही भाषिक मूल्याङ्कनमा प्रयोग गरिएका साधनहरूको अध्ययनले पक्कै सकारात्मक नतिजा ल्याएको छ । भाषिक मूल्याङ्कनको जगमा टेकेर गरिने यस शोधकार्यले सिकारुहरूको मूल्याङ्कनमा प्रयोग  गरिने साधनहरू कति उपयुक्त कति प्रयाप्त र कति अप्रयाप्त भन्ने विषयमा समेत जानकारी दिएको छ । त्यसैले यो अध्ययन भाषिक मूल्याङ्कनमा सरोकार राख्ने सबैलाई फलदायी भएको छ र प्रस्तुत यो शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.५ सीमाङ्कन

अनुसन्धानकर्ताले चाहेअनुसार सबै कार्य प्रक्रिया पूरा गरेर अनुसन्धान गर्न सधैं सम्भव हुँदैन । कहिलेकाहीँ उसले तथ्याङ्क सङ्कलनका साधनको पूर्वपरीक्षण र प्रमाणीकरण गर्न सक्दैन, प्रशासनिक समस्याले विद्यार्थीहरूलाई समान रूपमा प्रयोगात्मक र नियन्त्रित समूहमा समान रूपले विभाजन गर्न सक्दैन । अनुसन्धानकर्ताले तोकिएको कार्य पूरा गर्न नसकी वैकल्पिक उपायबाट अनुसन्धान प्रक्रिया अघि बढाउने अवस्था सिर्जना भएमा त्यसले अध्ययनको निष्कर्ष पूर्ण रूपले सामान्यीकरण गर्न वा प्रयोग गर्न सम्भव नहुन सक्छ । अनुसन्धानकर्ताले पूरा गर्न नसकेका तिनै अवस्था वा प्रक्रियालाई अनुसन्धानको सीमा भनिन्छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नानुसारको रूपरेखामा सङ्गठित गरी प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : भाषिक मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरूको अध्ययन

अध्याय पाँच : भाषिक सिप मूल्याङ्कनको स्थितिको अध्ययन

अध्याय छ : भाषिक मूल्याङ्कनका साधनहरूको सबल र सुधारात्मक पक्षको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपादेयता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तित्वृत्त

# अध्याय दुई

# सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ सम्बद्ध कार्यको पुनरावलोकन

पूर्वकार्यको समीक्षालाई शोधपत्र लेखनको अति महत्त्वपूर्ण अङ्ग मानिन्छ । यसलाई साहित्यको पुनरावलोकन पनि भनिन्छ । हुन त पूर्वकार्यको समीक्षा गर्ने काम समस्याको छनोट गर्नु भन्दा अगाडि देखि नै हुन्छ र अनुसन्धान परियोजनालाई पूर्णता दिने बेलासम्म निरन्तर रूपमा चलिरहन्छ । सामान्यतया सम्बन्धित पूर्वकार्यको समीक्षाले समस्यालाई स्पष्ट रूपमा परिभाषित गर्न, अनुसन्धानको औचित्यलाई प्रष्ट पार्न, उपयुक्त अनुसन्धान विधिको छनोट गर्न तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियाको बारेमा निर्णय गर्न ठोस आधार प्रदान गर्छ । यसका अतिरिक्त यसले हालसम्म अनुसन्धान हुन नसकेका समस्याहरू पहिल्याउन र दुई वा सोभन्दा बढी अनुसन्धानको बिचमा देखिएका मतभिन्नताहरू पत्ता लगाउन सहयोग गर्दै खोज भई सकेका कुराहरूको बारेमा पनि प्रस्ट जानकारी प्रदान गर्दछ । जसले गर्दा एकपटक अनुसन्धान भइसकेका समस्यामा पुनः अनुसन्धान हुन सक्ने सम्भावनाको न्यूनीकरण हुन्छ । यसका अतिरिक्त पूर्वकार्यको समीक्षाले अन्य अनुसन्धानबाट निस्केको नतिजाको बारेमा स्पष्ट जानकारी लिन सघाउ पुऱ्याउँछ । पूर्वकार्यको समीक्षा गर्दा अनुसन्धान गर्ने व्यक्ति अथवा संस्था, अनुसन्धान भएको मिति, अनुसन्धन शीर्षक अनुसन्धानको उद्देश्य, अनुसन्धानको जनसङ्ख्या, नमुना छनोट गर्न प्रयोग गरिएका विधि सहित नमुनाको आकार आदि कुराहरू उल्लेख हुनुपर्दछ ।

### २.१.१ पुस्तक सम्बन्धी

पुस्तक समीक्षा गर्दा सर्वप्रथम समीक्षकले विषयवस्तुमै कुन विधा वा क्षेत्रको सामग्री हो त्यसको परिचय दिनु आवश्यक हुन्छ । तत्पश्चात् त्यसको विषयवस्तु र सेरोफेरोलाई नियालेर टिप्पणी गरिन्छ । यसै विषय क्षेत्रसँग सम्बन्धित रहेर गरिएका सैद्धान्तिक एवम् प्रयोगात्मक अनुसन्धानहरू निम्नानुसार छन् :

अधिकारी (२०५७) द्वारा सैद्धान्तिक रूपमा भाषिक मूल्याङ्कन र भाषिक मूल्याङ्कनका युक्ति तथा साधनहरूको चर्चा गरिएको छ । भाषिक मूल्याङ्कनका

साधनहरूअन्तर्गत मौखिक, लिखित र पर्यावेक्षणको सैद्धान्तिक एवम् परिचयात्मक कुरा गरिएको छ ।

शर्मा र पौडेल (२०६७) द्वारा भाषिक मूल्याङ्कनका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । भाषिक मूल्याङ्कनको परिचय र प्रविधि शीर्षकमा भाषिक मूल्याङ्कन सम्बन्धी यथेष्ट जानकारीहरू उल्लेख गरिएको छ । भाषिक मूल्याङ्कनका बारेमा चर्चा गर्दा भाषिक मूल्याङ्कनको परिचय, प्रयोजन, भाषिक मूल्याङ्कन सम्बन्धी सिद्धान्तहरू, नेपाली शिक्षणका सन्दर्भमा मूल्याङ्कन परिपाटी, भाषिक मूल्याङ्कनका प्रकार, साधनहरूको निर्माण तथा प्रयोग जस्ता विविध उपशीर्षकहरूमा विभाजन गरी भाषिक मूल्याङ्कनका बारेमा चर्चा गरिएको छ । यसरी चर्चा गर्दा भाषिक मूल्याङ्कनको परिचय दिनुका साथै किन भाषिक मूल्याङ्कन गर्नु आवश्यक छ भनेर त्यसका बारेमा पनि चर्चा गरिएको छ । भाषिक मूल्याङ्कनको सिद्धान्तहरूका बारेमा सैद्धान्तिक रूपमा जानकारी दिइएको छ । नेपाली भाषा शिक्षण गर्ने क्रममा कस्तो मूल्याङ्कन परिपाटी रहेको छ भनेर समेत जानकारी दिइएको छ । भाषिक मूल्याङ्कनका प्रकारहरूको समेत उल्लेख हुनु यस पुस्तकको थप विशेषता रहेको छ । भाषिक मूल्याङ्कन गर्दा के र कस्ता साधनहरू के कसरी निर्माण गर्ने र त्यसलाई कसरी परीक्षण गर्ने भन्ने कुराको पुस्ट्याइ गरिएको छ ।

ढकाल (२०६९) द्वारा भाषिक मूल्याङ्कनको बारेमा बताइएको पाइन्छ । भाषिक मूल्याङ्कनका साधन भाषिक मूल्याङ्कनका प्रकार, भाषिक मूल्याङ्कनका सिद्धान्तहरूको चर्चा परिचर्चा गरिएको छ ।

पौडेल (२०७०) द्वारा भाषिक मूल्याङ्कनका कुराहरू पनि प्रस्तुत गरिएको छ । भाषिक मूल्याङ्कनका साधनहरूलाई भाषा शिक्षणका क्रममा के कसरी प्रयोग वा परीक्षण गर्ने भन्ने बारेमा लेखिएको छ ।

खनाल र अन्य (२०७१) द्वारा मूल्याङ्कनका बारेमा चर्चा गरिएको छ । मूल्याङ्कन उपशीर्षकमा मूल्याङ्कनको विषयमा सैद्धान्तिक चर्चा गरिएको छ । त्यस क्रममा विशुद्ध रूपमा मूल्याङ्कनका बारेमा छलफल गरिएको छ । मूल्याङ्कनको अवधारणा प्रस्ट पारिएको हुँदा उक्त अवधारणाका आधारमा भाषिक मूल्याङ्कनको अवधारणा बुझ्न सहज हुन्छ ।

भट्टराई (२०७३) द्वारा भाषिक मूल्याङ्कनका केही साधनहरूको चर्चा गरिएको छ । जस अनुसार मतावली, रुजुसूची, अवलोकन, रेटिङ स्केल जस्ता साधनहरू पर्दछन् । यसमा उक्त साधनहरूको परिचय र प्रयोग गरिएको देखाएको पाइन्छ ।

पोखेल र काफ्ले (२०७४) द्वारा भाषिक मूल्याङ्कनका बारेमा चर्चा गरिएको छ । भाषिक मूल्याङ्कन शीर्षकमा आधारित भएर विविध उपशीर्षकहरूमा केन्द्रित रहँदै भाषिक मूल्याङ्कनका बारेमा चर्चा गरिएको छ । भाषिक मूल्याङ्कनको परिचय, भाषिक मूल्याङ्कनका सिद्धान्तहरू, भाषिक मूल्याङ्कनका साधनहरू, विशिष्टीकरण तालिकाको निर्माण त्यसका आधारमा प्रश्नहरूको निर्माण, उत्तरपत्र मापन र अङ्कनका विधिहरू, उत्तरपुस्तिका र कुञ्जिका निर्माण, नेपाली भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनमा अक्षराङ्कन प्रणालीको प्रयोग जस्ता उपशीर्षकहरूमा विभाजन गरी भाषिक मूल्याङ्कनको सैद्धान्तिक परिचयदेखि लिएर यसको तौर तरिका र साधनहरूको निर्माण तथा प्रयोग सम्बन्धमा बृहत् रूपमा चर्चा गरिएको छ । सैद्धान्तिक जानकारीलाई स्पष्ट पार्नका लागि प्रयाप्त मात्रामा उदाहरणहरू प्रस्तुत गरेर देखाइएको छ । त्यस्तै भाषिक मूल्याङ्कनका साधनहरू निर्माण गर्न सहज हुने गरी विशिष्टीकरण तालिका, उत्तरकुञ्जिका बनाउने र प्रयोग गर्ने, तरिकाका बारेमा समेत जानकारी दिइएको छ । यसरी हेर्दा नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि आवश्यक साङ्गोपाङ्गो जानकारी दिन सक्षम भएको छ ।

माथि प्रस्तुत गरिएका पुस्तकहरूका माध्यमबाट भाषिक मूल्याङ्कनको बारेमा बुझ्न पाइन्छ । उक्त पुस्तकहरूबाट भाषिक मूल्याङ्कनका साधनहरूको परिचय, प्रयोगको बारेमा बुझ्न सकिन्छ । यसरी यी उल्लेख गरिएको पुस्तकहरूको माध्यमबाट प्रस्तुत शोध कार्यका लागि सहयोग पुगेको छ ।

### २.१.२ शोध सम्बन्धी

पूर्वकार्यको समीक्षा गर्ने क्रममा शोधपत्रको समीक्षा पनि एक महत्त्वपूर्ण अङ्ग हो । पूर्वकार्यको समीक्षा अन्तर्गत पुस्तक समीक्षासँगै आउने शोधपत्रको समीक्षा पनि गर्नु त्यति नै आवश्यक छ । भाषिक मूल्याङ्कनका साधनहरूको बारेमा पुस्तक वा लेखहरूबाट मात्र सबै कुरा जानकारी हुँदैन । त्यसका लागि त्यससँग सम्बन्धित शोधपत्रको पनि समीक्षा गर्न अति नै आवश्यक पर्दछ । भाषिक मूल्याङ्कनका साधनहरूको बारेमा भएका केही शोधहरूको समीक्षा निम्नानुसार गर्न सकिन्छ :

पाण्डेय (२०५९) द्वारा कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन भएको पाइन्छ । यस शोधमा भाषिक सिप र तहगत आधारमा उद्देश्यको वर्गीकरण र विधागत आधारमा नमुना अभयासको अध्ययनबारे चर्चा गरिएको छ । यसका साथै कथा विधाअन्तर्गतका पाठ र सम्बद्ध नमुना अभ्यासको वर्गीकरण र विश्लेषण गर्ने क्रममा पाठ र तिनबाट प्राप्त हुने सिपलाई तालिकाबद्ध ढङ्गले चर्चा गरिएको पाइन्छ । यस शोधपत्रको निष्कर्षमा शोधार्थीले पढाइ सिपका दृष्टिले अभ्यासहरू अपर्याप्त रहेको अभ्याससँग सम्बन्धित निर्देशनहरू अस्पष्ट रहेको, उच्च दक्षतासँग सम्बन्धित अभ्यासहरू जटिल प्रकृतिका रहेको, शब्द भण्डार सम्बन्धी ज्यादै कम भएका र विमातृभाषी, आदिवासी, जनजाति अपाङ्ग, सम्बद्ध पाठ र अभ्यासहरू कम रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

पौडेल (२०६०) द्वारा प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन भएको छ । यस शोधपत्रमा प्राथमिक तहमा नेपाली भाषा शिक्षकहरूको भाषा पाठ्यक्रममा निर्धारित आन्तरिक परीक्षणसम्बन्धी ज्ञानको स्तर पत्ता लगाउने, भाषिक मूल्याङ्कन गर्दा प्रयोगमा ल्याइएका क्रियाकलाप तथा साधनहरू पहिचान गर्ने, प्रयुक्त क्रियाकलाप तथा साधनहरूले सुनाइ र बोलाइ जस्ता भाषिक सिपहरूलाई समेट्न सके नसकेको पत्ता लगाउने, कक्षा उन्नति गर्दा आन्तरिक मूल्याङ्कनको गणना भए नभएको अन्वेषण गर्ने र भाषिक कुशलताको मूल्याङ्कनको लाीग प्रयोगमा आउने युक्ति तथा साधन र त्यसको समुचित उपयोगका बारेमा सुझाब पेश गर्ने उद्देश्यमा शोध केन्द्रित रहेको छ । यस शोधमा क्षेत्रीय विधिबाट सामग्री सङ्कलन गरिएको छ । त्यसैगरी कास्की जिल्लाका २० वटा प्राथमिक विद्यालयबाट नेपाली पढाउने २० जना शिक्षकहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । उक्त शोधको निष्कर्षमा कक्षा ५ को नेपाली विषयको पाठ्यक्रममा आन्तरिक परीक्षाको रूपमा सुनाइ र बोलाइ सिपको मूल्याङ्कन गर्नुपर्ने कुरालाई निर्देश गरेको छ । भाषिक मूल्याङ्कनमा विषयगत परीक्षाले प्रमुख स्थान लिएको छ । औपचारिक परीक्षाहरूबाट सही रूपमा भाषिक मूल्याङ्कन हुन नसक्ने विचार निकालिएको छ ।

बोहरा (२०६६) द्वारा माध्यमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन गरिएको छ । यस शोधपत्रमा मा.वि. तहमा नेपाली भाषा शिक्षकहरूको भाषिक मूल्याङ्कनार्थ प्रयोग गर्न सकिने विभिन्न प्रश्न, साधन, युक्ति बारेमा

उल्लेख गरिएको छ । यस शोधले सम्बन्धित विद्यालय शिक्षकहरू, विद्यार्थीहरू र अभिभावकहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुका साथै भाषिक मूल्याङ्कनसँग सम्बन्धित कुराहरूको मूल्याङ्कन गर्दा अन्य विषयको मूल्याङ्कन भन्दा फरक ढङ्गले क्रियाकलाप गर्दा वा गराउँदा विभिन्न शैक्षिक सामग्रीहरूको अभाव भएको, भाषिक मूल्याङ्कनलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने साधन र युक्तिहरूमा टेप रेकर्डिङ्ग, सस्वरपठन, मौनपठन, द्रुतपठन, शिक्षक निर्देशिका र विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्रको निर्माण लगायत सबैको विश्लेषण गर्दा भाषिक मूल्याङ्कनका सामग्रीहरू अझैसम्म पनि सरकारी र संस्थागत दुबै विद्यालयहरूमा पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको कुरा निष्कर्षका रूपमा निकालिएको छ ।

दाहाल (२०६८) द्वारा लिखित माध्यमिक तह कक्षा ९ मा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरूको अध्ययन गरिएको छ । यस शोधमा भाषिक मूल्याङ्कनमा प्रयोग गरेका साधनहरूको पहिचान गर्न, लिखित परीक्षा बाहेक अन्य भाषिक मूल्याङ्कनका साधनहरूको पहिचान गर्नु र भाषिक मूल्याङ्कनका लागि उपयोग गर्नु र भाषिक मूल्याङ्कनका लागि उपयोग हुन सक्ने नवीन साधनहरूको पहिचान र प्रभावकारिता पत्ता लगाई प्रयोगका लागि सिफारिस गर्नु मुख्य उद्देश्यमा केन्द्रित रहेको छ । सामग्री सङ्कलनका लागि उदयपुर जिल्लाको निजी तथा सरकारी  गरी १० वटा विद्यालयहरू र त्यस विद्यालयका १० जना नेपाली विषय शिक्षकहरू गरी नमुना जनसङ्ख्याको रूपमा छनोट गरी प्राथमिक स्रोत द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका लागि क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसका लागि प्रश्नावली र शिक्षक निर्देशिका जस्ता साधनको प्रयोग गरिएको छ । भाषिक मूल्याङ्कनका साधन परीक्षाबाहेक अन्य साधनहरू कमै मात्रामा प्रयोग भएको प्रचलन रहेको छ । अन्य साधनहरू प्रयोगमा आए पनि व्यावहारिक रूपमा त्यसको उपयोग नहुने भएकाले त्यसको कमै मात्रामा शिक्षकहरूले प्रयोग गरेको पाइन्छ । मूल्याङ्कन गर्ने परिपाटी परम्परागत धारणाबाट टाढा हुन नसक्नुले पनि यसले मान्यता पाएको पाइँदैन, मूल्याङ्कन गर्नु भनेको कक्षोन्नति र स्तर निर्धारण गर्नु मात्र हो भन्ने धारणा रहेको छ ।

पाण्डेय (२०६९) द्वारा लिखित निम्न माध्यमिक तहमा नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन गरिएको छ । यस शोधमा निम्नमाध्यमिक तहमा नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका

साधनहरूको परिचय दिने, भाषिक सिपको मूल्याङ्कन गर्न सके नसकेको पत्ता लगाउने, भाषिक मूल्याङ्कनका साधनहरूको उपयोगको स्थिति पत्ता लगाउनु मुख्य उद्देश्य राखिएको छ । सामग्री सङ्कलनका लागि बैतडी जिल्लाका १० वटा सामुदायिक विद्यालयबाट नेपाली विषय पढाउने १० जना शिक्षकहरू लिएको छ । सामग्री सङ्कलनका लागि क्षेत्रीय र सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसका लागि प्रश्नावलीको मस्यौदा तयार गरिएको छ । अध्ययनको निष्कर्षको रूपमा भाषा विषयमा खासगरी भाषिक सिपहरूको (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकाससम्बन्धी मूल्याङ्कन गरिनु आवश्यक छ । निम्न माध्यमिक तहमा शिक्षण सिकाइ क्रियाकलाप गर्दा वा गराउँदा विभिन्न शैक्षिक सामग्रीको अभाव पाइयो । भाषिक मूल्याङ्कनलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने साधन र शक्तिहरूमा टेप रेकर्डिङ्ग, सस्वरपठन, मौनपठन, गति, यति मिलाएर पढ्ने, द्रुत पठन, शिक्षक निर्देशिका र विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्रको निर्माण लगायत सबै विश्लेषण गर्दा भाषिक मूल्याङ्कनका सामग्रीहरू अझैसम्म पनि सामुदायिक विद्यालयमा प्रयाप्त मात्रामा उपलब्ध छैनन् ।

अतः माथिको समीक्षाबाट भाषिक सिप र भाषिक सिपको मूल्याङ्कनका क्षेत्रमा केही सामान्य अध्ययन भए पनि व्यापक, गहन र विस्तृत अध्ययन-अनुसन्धान हुन नसकेको तथ्य स्पष्ट छ । भाषिक मूल्याङ्कन सम्बन्धी सैद्धान्तिक अध्ययनहरू भए पनि त्यसको प्रयोग क्षेत्र र व्यावहारिक पक्ष कस्तो रहेको छ त भन्ने विषयमा त्यति अध्ययन अनुसन्धानहरू हुन सकेका छैनन् । भाषा शिक्षणको क्षोत्रमा भाषिक सिपको मूल्याङ्कन अत्यन्त आवश्यक र अपरिहार्य भए पनि सुनाइ, बोलाइ, पढाइ र लेखाइको सम्यक् मूल्याङ्कन गर्ने परिपाटीको अभावमा अपेक्षित उद्देश्य पुरा हुन सकेका छैनन् । अतः भाषिक सिपको मूल्याङ्कनको क्षेत्रमा यो अध्ययन सार्थक तथा उपयोगी भएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ मूल्याङ्कनको परिचय

व्यावहारिक जीवनका हरेक पक्षमा मूल्याङ्कनलाई विभिन्न अवधारणाको साथमा उपयोग गरिन्छ । मूल्याङ्कन साधारण अर्थमा मूल्यको अङ्कन गर्नु हो । अतः मूल्य भनेको कुरा यसमा आउनु स्वभाविक छ । मूल्य भन्नाले व्यावहारिक जीवनका हरेक पक्षहरूमा

निहित गुणस्तर वा महत्त्व नै हो । कुनै पनि प्रकारको मूल्याङ्कनको प्रमुख उद्देश्य मूल्याङ्कित विषयमा सुधार गर्नु हो (खनाल, २०६३ : १) ।

शिक्षण सिकाइको प्रमुख लक्ष्य विद्यार्थीहरूमा अपेक्षित व्यावहारिक परिवर्तन भयो भएन, शैक्षिक उद्देश्य पूरा भयो भएन, शिक्षण प्रक्रियामा के-कस्तो सुधार ल्याउनुपर्ने हो, विद्यार्थीहरूको स्तर तथा उपलब्धि निर्माण गर्नु मूल्याङ्कनको प्रयोग गरिन्छ । शिक्षक तथा शिक्षिकाहरूले विद्यार्थी अध्ययनका लागि उपयुक्त वातावरण सिर्जना गर्ने, लक्षित कुराहरू सिके सिकेनन् तथा कुन तरिकाबाट उनीहरू अझ बढी ज्ञान हासिल गर्न सक्दछन् भन्ने कुरा पत्ता लगाउने साधन मूल्याङ्कन हो (श्रेष्ठ, २०६७ : २१) ।

निर्धारित उद्देश्य गरिएको पक्षहरूमा विद्यार्थीहरूका व्यवहारमा परिवर्तन आयो वा आएन भनी लेखाजोखा तथा पढाएका कुरा सिके वा सिकेनन् भनी विद्यार्थीहरूमा सुधारात्मक वातावरण सिर्जना गर्नु मूल्याङ्कन हो ।

मूल्याङ्कनको सुरुवात कहाँबाट भयो भन्ने ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने वि.सं. २००० भन्दा पहिला नागरिक सेवा र सरकारी जागिर खाने व्यक्तिहरूलाई योग्यता निर्धारण गर्न चीनमा सुरु भएको पाइन्छ । त्यस्तै गरी ग्रीक दार्शनिक सुकरातले शाब्दिक मूल्याङ्कनलाई सिकाइको एक पक्षको रूपमा प्रयोग ऐतिहासिक तथ्य पाइन्छ । तर औपचारिक शैक्षिक मूल्याङ्कन प्रक्रियाको विकास भने १९ औं शताव्दीको मध्यसम्ममा पनि भएको पाइँदैन (खनाल, २०६३ : ५१, ५३) ।

अतः मानव इतिहासमा पहिलो लिखित जानकारीअनुसार मूल्याङ्कनको सुरुवात चीनमा भएको तथ्य पाइएको थियो जसमा सरकारी सेवामा प्रवेश गराउनका लागि गरिएको थियो ।

यसै सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रले सन् २००५ मा गरेको एक अध्ययनले देशको शैक्षिक गुणस्तर सुधार नहुनु र अपेक्षित शैक्षिक लक्ष्य पूरा नहुनुका कारणहरू मध्ये विद्यार्थीको मूल्याङ्कन प्रणाली पनि एक महत्त्वपूर्ण कारण हो भन्ने गरेको पाइन्छ । नेपालमा मूल्याङ्कन प्रणालीलाई महत्त्व दिने पहिलो नीतिगत दस्तावेज वि.सं. १९९६ सालको शिक्षा इस्तिहारमा देखिन्छ । यसले मूल्याङ्कनको बारेमा यस्तो उल्लेख गरेको छ हरेक पटकको काम र आचरणका रेकर्ड राख्ने किताब खडा गर्नु पर्दछ । सकभर वर्षको दुईपटक वा

एकपटक त्यसको छोटकरी उत्तर बाबुआमा तथा संरक्षकलाई पठाउनुपर्दछ (खनाल, २०६७ : १) ।

यसरी हेर्दा नेपालमा नीतिगत रूपमा पहिलो पटक नेपालमा शिक्षक इस्तिहार वि.सं. १९९६ सालमा पहिलो पटक लिखित रूपमा सुरुवात भएको इतिहास पाइन्छ । यो नेपालको औपचारिक मूल्याङ्कन पद्धतिको सुरुवात भएको पाइन्छ । यसरी हेर्दा विद्यार्थीको मूल्याङ्कन गरी उनीहरूको स्तर हेरी सुधार गर्नु यस शिक्षा इस्तिहारको लक्ष्य पाइएको थियो ।

शैक्षिक प्रक्रिया तथा कार्यक्रममा विद्यार्थीका सिकाइ उपलब्धि कार्यक्रममा विद्यार्थीका सिकाइ उपलब्धि सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने, व्याख्या गर्ने, अभिलेखीकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पुर्नयोजना गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । नेपालको सन्दर्भमा सिकाइ प्रक्रियामा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा विकसित हुन नसकेको कुरा औंल्याइने गरेको पाइन्छ । धेरैजसो विद्यालयमा निर्माणात्मक मूल्याङ्कन प्रणालीलाई अङ्गीकार गरेको पाइँदैन । मूल्याङ्कन प्रणालीलाई परीक्षामुखी सिद्धान्तबाट अभ्यास गर्ने गरेको पाइन्छ । विद्यार्थीहरूलाई कक्षा चढाउन गृहकार्य, कक्षाकार्य, अतिरिक्त क्रियाकलाप, सामूहिक क्रियाकलाप जस्ता पक्षहरूलाई समावेश गरेको छैन । आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रोबाट निरन्तर रूपमा निरन्तर मूल्याङ्कन प्रणालीलाई अङ्गीकार गर्दै यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिम तथा मूल्याङ्कनका अन्य विविध प्रयासहरू गरिँदै आएको छ । यसप्रकार अभ्यास तथा प्रयासहरूबाट पनि विद्यार्थीको समग्र पक्षहरूको मूल्याङ्कन तथा विद्यार्थी मूल्याङ्कनका आधारमा शिक्षा पद्धतिको समेत मूल्याङ्कन गरिने पक्ष भने प्रभावकारी हुन सकेन ।

### २.२.२ भाषिक मूल्याङ्कनका सिद्धान्तहरू

भाषिक मूल्याङ्कन प्रक्रिया अन्य मूल्याङ्कन प्रक्रियाभन्दा भिन्नै किसिमले गर्ने गरिन्छ । भाषिक मूल्याङ्कनमा भाषिक सिपहरूअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ आदिको मूल्याङ्कन पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यका आधारमा गरिन्छ । समय, अवस्था, स्थान, उमेर, क्षमता र विद्यार्थीको शारीरिक र मानसिक अवस्थाका आधारमा भाषिक सिपहरूको विकासमा पारिवारिक पृष्ठभूमिले प्रत्यक्ष प्रभाव पार्दछ । त्यसकारण भाषिक

मूल्याङ्कन गर्दा भाषिक मूल्याङ्कनका सिद्धान्तहरूलाई अवलम्बन गर्न सकिन्छ । जसअनुसार भाषिक मूल्याङ्कन सिद्धान्तहरू निम्नानुसार छन् :

**१. भाषा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यअनुरूप हुनुपर्ने**

भाषा शिक्षण भनेको भाषाको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण भन्ने कुरा बुझिन्छ । भाषाका विषयमा अपनाइने कुनै पनि परीक्षण प्रणाली भाषा पाठ्यक्रम उद्देश्यअनुरूप तय गरिएको हुनुपर्दछ । उद्देश्य र मूल्याङ्कनका बीचमा आपसी सम्बन्ध भएन भने त्यो प्रयोजनहीन हुन जान्छ । यदि भाषिक परीक्षण गर्दा परीक्षणीय विषय र उद्देश्यमा एकरूपता हुन आवश्यक छ (अधिकारी, २०५७ : २३४) ।

**२. प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट**

भाषिक मूल्याङ्कन गर्दा भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) का साथै भाषासँग सम्बन्धित कुराहरू शब्दभण्डार, व्याकरण, उपलब्धि स्तर आदि मध्ये कुन प्रयोजनले भाषिक मूल्याङ्कन गर्नुपर्ने हो यसको निर्क्योल गरेर सोही अनुरूपका परीक्षणीय वस्तुहरूको छनोट गरिनु आवश्यक छ ।

**३. एकपटकमा एउटा कुराको मूल्याङ्कन गर्नुपर्ने**

भाषिक मूल्याङ्कनका तत्त्वहरूमा विश्वसनीयता, वैधता, वस्तुनिष्ठता, निरन्तरता, व्यापकता र उपयोगिता आदि कुरा पर्दछन् । भाषिक मूल्याङ्कन गर्दा एक पटकमा एउटा मात्र सिपको मूल्याङ्कन गर्नुपर्ने कुरामा जोड दिन्छ । उदाहरणका रूपमा बोलेर सिपको मूल्याङ्कन लिखित परीक्षाबाट गर्न खोज्नु, उच्चारणको मूल्याङ्कन वर्णविन्यासबाट गर्न खोज्नु जस्ता कुराहरू मूल्याङ्कनीय वैधता, विश्वसनीयता र व्यावहारिक कुरा होइनन् ।

**४. भाषातत्त्व र भाषिक सिपको परीक्षण गर्नुपर्ने**

निम्नमाध्यमिक तहसम्मको भाषाशिक्षण मूलतः सिपपरक भएकाले सैद्धान्तिक प्रकृतिका प्रश्नहरू अनुपयुक्त हुन्छन् । भाषाका भाषातत्त्व वा व्याकरणको सैद्धान्तिक सुझ र धारणालाई पृथकीकृत ढङ्गले, छुट्टाछुट्टै परीक्षण गर्न सकिन्छ । भाषाका तत्त्व वा व्याकरणका सैद्धान्तिक सुझ र धारणालाई अलग अलग ढङ्गले परीक्षण गर्न सकिन्छ ।

### ५. मूल्याङ्कनीय वस्तु र युक्तिबीचको सम्बन्ध

भाषिक मूल्याङ्कनमा मूल्याङ्कनीय वस्तु र मूल्याङ्कनीय युक्तिका बीचमा अन्तर सम्बन्ध हुनु आवश्यक छ । कुनै पनि मूल्याङ्कन निश्चित गर्न र आवश्यक निर्णय लिनलाई स्तरयुक्त परीक्षा तथा भाषिक सिपका अभ्यासात्मक युक्ति व्यावहारिक मानिन्छ । भाषिक मूल्याङ्कनका लागि फरक फरक किसिमका युक्तिहरूको प्रयोग गरी भाषिक मूल्याङ्कन गर्न सकिन्छ ।

### ६. परीक्षणका लागि पूर्वयोजना आवश्यक छ

कुनै पनि कार्यका लागि पहिले योजना बनाउनु आवश्यक छ । त्यस्तै गरी भाषिक मूल्याङ्कनका लागि झनै पूर्वयोजना बनाउनु अति नै आवश्यक छ । भाषिक मूल्याङ्कन योजनाबद्ध प्रक्रियाबाट गरिनुपर्छ । योजना विना कुनै पनि कार्य प्रभावकारी रूपले सम्पन्न हुन सक्दैन । त्यसैले भाषिक मूल्याङ्कन गर्दा के कुराको परीक्षण गर्ने, कुन तह, कति समय, कसरी, कस्ता साधन प्रयोग गर्ने भन्ने कुराको अगाडि नै योजना निर्माण गरी सोही अनुसार गर्नुपर्दछ ।

### २.२.३ मूल्याङ्कनका प्रकारहरू

मूल्याङ्कनको प्रमुख उद्देश्य विद्यार्थीको सिकाइ वा व्यवहार परिवर्तनको लेखाजोखा गरी वाञ्छित उपलब्धि हासिल भयो भएन भनी निर्णय गर्नु हो । यसका अलवा मूल्याङ्कनका सहयोगले विभिन्न निर्णयहरू लिई समग्र शैक्षिक कार्यक्रमको सुधार गर्नाका साथै कार्यक्रमको गुणस्तर समेत निर्धारण गरिन्छ । मूल्याङ्कनबाट लिइने निर्णयहरूका आधारमा यसलाई मुख्यतया चार प्रकारमा विभाजन गरिन्छ । त्यस प्रकारको विभाजन सर्वप्रथम Airasian र Madaus ले सन् 1972 मा गरेका थिए ।

### १. पदस्थापन मूल्याङ्कन

विद्यार्थीहरूलाई कुनै कार्यक्रमका लागि छनोट गर्नुपर्ने उनीहरूमा आवश्यक पूर्वज्ञान र पूर्वव्यवहार छ/छैन भनी निर्णय लिन गरिने मूल्याङ्कनलाई पदस्थापन मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कनद्वारा विद्यार्थीलाई कुनै पनि कार्यक्रममा भर्ना लिनुपूर्व कार्यक्रममा समावेश हुन योग्य छ कि छैन, उक्त कार्यक्रमका लागि आवश्यक पर्ने आधारभूत ज्ञान तथा

सिप छ/छैन, पूर्वकार्यमा उसले हासिल गरेका सिकाइ उपलब्धि हालसम्म निरन्तर छ/छैन जस्ता महत्त्वपूर्ण सवालहरूको उत्तर प्राप्त गरिन्छ ।

पदस्थापन मूल्याङ्कनका लागि आवश्यकता अनुसार विभिन्न प्रकारका परीक्षणहरू सञ्चालन गरिनुपर्छ । खासगरी यसका लागि लिइने प्रवेश परीक्षाका रूपमा लिइने लिखित परीक्षा नै बढी प्रचलित छ भने आवश्यकता अनुसार प्रयोगात्मक वा मौखिक परीक्षा, विगतका शैक्षिक उपलब्धिका रेकर्डहरू, अवलोकन तथा अन्य प्रमाणिक परीक्षाहरू पनि प्रयोग गर्न सकिन्छ ।

## २. निर्माणात्मक मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाका क्रममा विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा गरी आवश्यकताअनुसार शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षक र विद्यार्थी दुबैलाई पृष्ठपोषण दिने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । निर्माणात्मक मूल्याङ्कनमा पनि आवश्यकता अनुसार विभिन्न साधन र विधिको प्रयोग हुन्छ । यस्ता साधनहरू अधिकांश रूपमा विषय शिक्षकले निर्माण गरेका परीक्षाहरू, अनौपचारिक अवलोकन, मौखिक प्रश्न, कक्षाकार्य, गृहकार्य, समूह कार्य, इत्यादि हुने गर्छन् । निर्माणात्मक मूल्याङ्कनमा गृहकार्य समूह कार्य, इत्यादि पनि समावेश हुने गर्छन् । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य नै शिक्षण सिकाइमा सुधार गर्न विद्यार्थी र शिक्षकलाई महत्त्वपूर्ण सुझाउ प्रदान गर्ने भएकाले यसले विद्यार्थीको ग्रेडिङ गर्ने कक्षा चढाउने तथा प्रमाणपत्र प्रदान गर्ने कार्यमा भने खासै भूमिका राख्दैन ।

## ३. निदानात्मक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कन प्रक्रियाबाट दिइएको पृष्ठपोषणबाट पनि सुधार आउन नसकेका सिकाइ समस्याहरूलाई गहिराइसम्म पुगी अध्ययन गरेर सिकाइ समस्याका खास कारणहरू पहिचान गर्ने उद्देश्यले गरिने विशिष्ट प्रकृतिको मूल्याङ्कनलाई निदानात्मक मूल्याङ्कन भनिन्छ ।

निदानात्मक मूल्याङ्कन विशिष्ट प्रकृतिको हुने भएकाले यसका लागि विशेष रूपले तयार गरिएको साधनहरूको प्रयोग गरिन्छ । यसका लागि लिखित परीक्षाभन्दा पनि अन्तर्वार्ता, अनौपचारिक कुराकानी, केस स्टडी, अवलोकनजस्ता साधन र विधिहरू महत्त्वपूर्ण छन् । कतिपय अवस्थामा त जटिल समस्या निदानका लागि शैक्षिक, मनोवैज्ञानिक एवम्

चिकित्साविज्ञानका विशेषज्ञहरूको सेवा पनि आवश्यक पर्न सक्छ । यस प्रकारको निदानात्मक कार्यबाट आएको जानकारीका आधारमा व्यक्तिगत शिक्षा योजना तयार गरी सिकाइ समस्यालाई समाधान गरिन्छ । यसरी निदानात्मक मूल्याङ्कनको उद्देश्य लगातार देखापर्ने सिकाइ समस्याहरूको कारण पहिचान गरी उपयुक्त निदानात्मक शिक्षण योजना तथा रणनीति तयार गर्नु हो ।

### ४. निर्णयात्मक मूल्याङ्कन

शिक्षण सिकाइको निश्चित अवधिपछि वा अन्त्यमा विद्यार्थीले तोकिएका सिकाइ उपलब्धिहरू के कति हासिल गऱ्यो भनी लेखाजोखा गर्न गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो । यस मूल्याङ्कनको उद्देश्य विद्यार्थीको सिकाइसम्बन्धी निश्चित निर्णय लिनु हो । आवधिक रूपमा लिइने यस प्रकारको मूल्याङ्कनले विद्यार्थीहरूलाई वर्गीकरण गर्न, ग्रेडिङ गर्न, कक्षा चढाउन तथा प्रमाणपत्र प्रदान गर्न निश्चित जानकारीहरू प्रदान गर्छ ।

निर्णयात्मक मूल्याङ्कनका लागि कुन साधन तथा विधिको प्रयोग गर्ने भन्ने कुरा शैक्षणिक उद्देश्यमा निर्भर गर्छ तर पनि शिक्षक वा विशेषज्ञद्वारा निर्मित परीक्षालाई नै यस कार्यमा बढी प्रयोग गर्ने प्रचलन छ । यसबाहेक विषयवस्तुअनुसार प्रयोगात्मक वा मौखिक परीक्षाको पनि प्रयोग गर्न आवश्यक पर्ने हुन सक्छ ।

### २.२.४ भाषिक मूल्याङ्कन

भाषा शिक्षण भनेको विद्यार्थीले हासिल गरेका भाषिक सिप र पक्षहरू पाठ्यक्रममा निर्धारित उद्देश्यअनुरूपका छन् की भनी वैज्ञानिक मापन प्रणालीद्वारा मूल्याङ्कन गर्ने कार्य नै भाषिक मूल्याङ्कन हो । भाषिक मूल्याङ्कनको परिभाषा भाषिक सिपसँग जोडिएको छ । भाषिक मूल्याङ्कन भाषिक सिप र क्षमताको मूल्याङ्कन भएकाले औपचारिक र अनौपचारिक जुनसुकै किसिमको मूल्याङ्कन गरे पनि भाषिक सिपलाई महत्त्व दिएर मात्र गर्नुपर्दछ । डेभिसले सन् १९९० मा “भाषिक मूल्याङ्कनको प्रमुख प्रयोजन भनेको छनोट, पृष्ठपोषण, मूल्याङ्कन र अनुसन्धान हुन् भनी प्रस्तुत गरेका छन् । यस भनाइ अनुसार के बुझिन्छ भने भाषा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू हासिल गर्ने, गराइने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने काम भाषिक मूल्याङ्कनले गर्दछ ।

मूल्याङ्कन बिना कुनै पनि कार्यको लेखाजोखा गर्न सकिँदैन । यसको मूल उद्देश्य विद्यार्थीहरूको भाषिक क्षमताको स्तर निर्धारण गर्नु मात्र नभएर भाषा शिक्षण सिकाइ

प्रक्रिया तथा विधिहरूको प्रभावकारिताको लेखाजोखा गर्नु, पाठ्यांशको सरल र जटिल प्रक्रिया छुट्याउनु, भाषा सिकाइका कठिनाइ र समस्या क्षेत्रहरू पत्ता लगाई शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु रहेको छ । कुनै पनि कार्यक्रमको प्रभावकारिता निर्धारित उद्देश्य र मूल्याङ्कनमा नै निर्भर हुने गर्दछ । मूल्याङ्कन समग्र कार्यक्रमको एउटा महत्त्वपूर्ण र अभिन्न अङ्ग पनि हो ।

नेपाली शिक्षणका सन्दर्भमा गरिने भाषिक मूल्याङ्कन परिपाटी अझैसम्म पनि परिपक्व भई नसकेको अवस्था देखिन्छ । वि.सं. २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि परीक्षण र मूल्याङ्कनका सन्दर्भमा विभिन्न सुधारात्मक एवम् वैज्ञानिक परिपाटीको आमन्त्रण र विकास भएको पाइन्छ । अन्तर्राष्ट्रिय क्षेत्रमा भए गरेका नवीन प्रयोग आविष्कारलाई भित्र्याएर सकारात्मक दिशा दिन खोजिए पनि कतिपय कमजोरी तथा परम्परागत मूल्याङ्कनात्मक सोचहरू धेरै हदसम्म हट्न सकेका छैनन् ।

## १. भाषिक मूल्याङ्कनका प्रकारहरू

भाषिक मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरिएको छ जुन निम्नानुसार छन् (पौडेल, २०७० : २७-३२) :

### (क) समसामयिक र औपचारिक मूल्याङ्कन

कुनै निश्चित समयमा पहिले योजना बनाई सोही अनुसार प्रश्नपत्र निर्माण गर्ने परीक्षा लिने, मापन गर्ने र मूल्याङ्कन गर्ने कार्यलाई औपचारिक वा समसामयिक मूल्याङ्कन भनिन्छ । यस प्रकारको मूल्याङ्कनमा वार्षिक परीक्षा, अर्धवार्षिक परीक्षा, त्रैमासिक परीक्षा, मासिक परीक्षा आदि प्रकारका मूल्याङ्कन पर्दछन् ।

### (ख) निरन्तर र अनौपचारिक मूल्याङ्कन

विद्यार्थीले हासिल गरेको उपलब्धि हेरी सिकाइमा सुधार ल्याउन अनौपचारिक तरिकाले मूल्याङ्कन गर्नुपर्ने हुन्छ । भाषाशिक्षण कार्यको बीच बीचमा यस प्रकारको मूल्याङ्कन गर्दै भाषाका विभिन्न सिप तथा पक्षहरूको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । कुनै खास समयको सीमामा आधारित नभई निरन्तर रूपमा भाषिक मूल्याङ्कनमा सहयोग पुऱ्याउँदै शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि यस्ता निरन्तर र अनौपचारिक मूल्याङ्कन प्रयोग गर्नुनर्पे हुन्छ ।

**(ग) एकलबद्ध र समग्रताबद्ध मूल्याङ्कन**

भाषा शिक्षणमा भाषाको विभिन्न पक्षहरूको परीक्षण गर्नुपर्ने हुन्छ । भाषाका कतिपय पक्षहरूको एकसाथ मूल्याङ्कन एउटा युक्तिबाट एउटै मात्र भाषिक सिपको अपेक्षा गरी सोही प्रतिक्रियाका आधारमा गरिने मूल्याङ्कनलाई एकलबद्ध मूल्याङ्कन भनिन्छ । विद्यार्थीको एउटै प्रतिक्रियाले भाषाका एकभन्दा बढी भाषिक पक्षहरूको मूल्याङ्कन गर्ने कार्यलाई नै समग्रताबद्ध मूल्याङ्कन भनिन्छ ।

**(घ) निदानात्मक र अभिक्षमता मूल्याङ्कन**

निदानात्मक मूल्याङ्कन भाषा सिकाइका क्रममा पहिलो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूभन्दा दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूको प्रकृति फरक रहेको हुन्छ । जसमा मातृभाषेत्तर भाषा सिक्ने विद्यार्थीहरूले गर्ने गल्तीहरू, जसमा उच्चरण व्यवस्था र वाक्य संरचना आदिको सिकाइमा मातृभाषाले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

**(ङ) उपलब्धि र दक्षतापरक मूल्याङ्कन**

विद्यार्थीको तह, स्तर, अवस्था र पाठ्यक्रमको प्रकृतिअनुसार पाठ्यक्रमले कुन कुन तहमा के के कुराहरू सिकाउने उद्देश्य राखेको थियो सोही अनुसार पाठ्यक्रमको लक्ष्य पूरा भयो कि भएन भनेर थाहा पाउनका लागि उपलब्धि मूल्याङ्कन गरिन्छ ।

**(च) स्थान निर्धारण र प्रवेश मूल्याङ्कन**

कुनै पनि विद्यार्थी एक तहबाट अर्को तहमा स्थानान्तरण हुँदा विद्यार्थीको योग्यता, क्षमता लगायत आधारभूत ज्ञान पाठ्यक्रमले निर्देशित गरे बमोजिम छ वा छैन भनेर प्रवेश मूल्याङ्कन गर्ने गरिन्छ ।

### २.२.५ भाषिक मूल्याङ्कनका साधनहरू

भाषाशिक्षणमा भाषिक सिपहरूको मूल्याङ्कन गरिन्छ । यसरी भाषिक सिपहरूको मूल्याङ्कन गर्दा साधनहरूलाई प्रयोगात्मक एवम् सिपपरक ढङ्गले प्रयोग गर्ने गरिन्छ । यसकारण यसको परीक्षणका लागि कुनै एउटा युक्ति वा साधनको मात्र प्रयोग गर्नु त्यति वैज्ञानिक र व्यावहारिक मानिँदैन । त्यसैले भाषिक सिपहरूको परीक्षणका लागि विभिन्न

तरिका तथा साधनहरू उपयोग गरिँदै आएको छ । ती साधनहरूको छोटकरीमा यसप्रकार चर्चा गरिन्छ :

**१. मौखिक परीक्षा**

लिखित र प्रयोगात्मक परीक्षाबाट लेखाजोखा गर्न नसकिने कतिपय भाषिक मूल्याङ्कन गर्न मौखिक परीक्षाको उपयोग गरिन्छ । परीक्षार्थी र परीक्षकबीच प्रत्यक्ष अन्तर्वार्ता गरी मौखिक रूपमा प्रश्नोत्तर गर्ने कार्यलाई मौखिक परीक्षा भनिन्छ । परीक्षार्थीले दिएको उत्तर, स्तर, मात्रा, ठिक बेठिक आदिका आधारमा स्तर निर्धारण गर्ने गरिन्छ ।

**२. लिखित परीक्षा**

भाषिक मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये यो पनि एउटा उपयुक्त साधन हो । लिखित परीक्षाको माध्यमबाट विषयगत र वस्तुगत रूपमा विषयवस्तुको उपलब्धि निर्धारण गर्नाका लागि यस्तो परीक्षा महत्त्वपूर्ण साधनको रूपमा ल्याइएको पाइन्छ । वस्तुगत प्रश्नअन्तर्गत : खाली ठाउँ भर्ने, ठिक-बेठिक छुट्याउने, जोडा मिलाउने, बहुवैकल्पिक प्रश्नहरू पर्दछन् भने विषयगत प्रश्नअन्तर्गत उत्पादनात्मक प्रकृतिका प्रश्नहरू: निबन्धात्मक र संक्षिप्त उत्तर दिने प्रश्नहरू पर्दछन् । लिखित परीक्षाअन्तर्गत निम्नानुसार प्रश्नहरू पर्दछन् :

**(क) विषयगत प्रश्न**

विद्यार्थीले हासिल गरेको ज्ञानलाई वर्णनात्मक, व्याख्यात्मक, विवेचनात्मक, विश्लेषणात्मक, टिप्पणीमूलक र तार्किक किसिमले परीक्षण गर्ने गरी तयार गरिएका प्रश्नहरूलाई विषयगत प्रश्न भनिन्छ । विषयगत प्रश्नको माध्यमबाट विद्यार्थीको सिर्जनात्मक क्षमताको विकासको पत्ता लगाउन सकिन्छ । विषयगत प्रश्नहरू विषयवस्तुको घोकाइ, सम्झाइभन्दा पनि सिर्जनात्मक एवम् मौखिक अभिव्यक्तिमा केन्द्रित हुन्छन् । विषयगत प्रश्नहरू पनि निबन्धात्मक र सङ्क्षिप्त उत्तरात्मक गरी दुई प्रकारका छन् :

**(अ) निबन्धात्मक प्रश्न**

विषयगत रूपमा लामो उत्तर आउने गरी सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यस्तो खालको प्रश्नमा विद्यार्थीले निश्चित समयमा पढेको, बुझेको, सम्झेको, सिकेको विषयवस्तुमा आधारित भएर मौलिक अभिव्यक्तिद्वारा समेत लेख्ने गर्दछन् । यसरी विद्यार्थीले

आफ्नो तर्क, विवेकको आधारमा आफ्नो अभिव्यक्ति गर्ने अवसर पाउँछन्, जसले विद्यार्थीको आलोचनात्मक क्षमता, सृजनात्मकता, मौलिकता, स्वतन्त्र अभिव्यक्ति गर्ने क्षमताको जाँच गर्न सकिन्छ ।

(आ) **संक्षिप्त उत्तरात्मक प्रश्न**

सङ्क्षिप्त रूपमा उत्तर आउने खालको प्रश्नको संक्षिप्त उत्तरात्मक प्रश्न भनिन्छ । यस्ता प्रश्नहरू लिखित तथा मौखिक प्रकृतिका पनि हुन्छन् । भाषिक रचना, बोध, व्याकरण, वर्णविन्यास, वाक्यरचना, शब्दार्थ, शब्दप्रयोग आदिको परीक्षण गर्न यस्ता प्रश्नहरू प्रयोगमा पाइन्छन् । विश्वनसयिता र वैधताको गुण विद्यमान हुने भएकाले भाषिक मूल्याङ्कनमा यसको प्रयोगलाई उपयोगी ठानिन्छ ।

**(ख) वस्तुगत प्रश्न**

विद्यार्थीको अभिव्यक्तिगत क्षमताको जानकारी लिन यो उपाय उपयोगी हुँदैन । यसमा विद्यार्थीले आफ्नो स्वतन्त्र विवेक र समझलाई उपयोग गर्न नपाउने भएको हुँदा वस्तुगत भनिएको हो । यस्ता प्रश्नहरूलाई मौलिकता, सिर्जनात्मकता, सम्पादनात्मकताको दृष्टिले यस्ता प्रश्नहरू उपयोगी नमानिए पनि परीक्षणमा व्यापकता हुनुका साथै वैज्ञानिक र व्यावहारिक दृष्टिकोणले विषयगत प्रश्नहरूभन्दा यस्ता प्रश्नहरूमा विश्वसनीयता र वैधता बढी पाइन्छ । भाषिक परीक्षणको लागि उपयोग गरिने वस्तुगत प्रश्नहरू यसप्रकार छन् :

(अ) **ठिक-बेठिक छुट्याउने प्रश्न**

अध्यापकद्वारा विशेषतः ज्ञान तहका कुराहरू जाँच्न यस प्रकारका प्रश्नहरू तयार गरिन्छ । यसमा एउटा पूर्ण युक्ति हुन्छ, जसलाई ठिक-बेठिक, सत्य-असत्य, साँचो-झुठो, हो-होइन आदि तथ्य र रायको रूपमा एउटाको छनोट गरिन्छ ।

(आ) **खाली ठाउँ भर्ने प्रश्न**

विद्यार्थीको संज्ञानात्मक पक्षको मापन गर्न सघाउ पुऱ्याउने उद्देश्यअनुरूप यस्ता प्रश्नहरू उपयोगमा ल्याइन्छ । भाषा विषयको मूल्याङ्कनमा खासगरी व्याकरणात्मक ज्ञान र क्रियाको अवस्था कस्तो रहने भन्ने बारेमा प्रश्नपत्र तयार गरिएको हुन्छ ।

(इ) **जोडा मिलाउने प्रश्न**

यसमा तथ्यहरूलाई दुई भागमा विभाजन गरेर एक अर्कासँग सम्बन्ध देखाउने कार्य गरिन्छ । यसमा कारण र परिणाम, शब्द र परिभाषा, समस्या र समाधान, क्षमता र मात्रा, घटना र असर आदि कुराहरू जोडा मिलाउने प्रश्नका लागि उपयुक्त हुन्छन् ।

### (ई) बहुवैकल्पिक प्रश्न

बहुविकल्प परीक्षण वस्तुगत परीक्षणको सबैभन्दा प्रभावकारी परीक्षण हो । कारण यसबाट सूचना, शब्दार्थ, सिद्धान्तको समझदारीपूर्ण उपयोग, विषयवस्तुलाई व्याख्या गर्ने, तथ्याङ्कको व्याख्या गर्ने क्षमतामा रहेको छ । एउटा प्रश्नका धेरै विकल्प उत्तरहरूअनुसार विद्यार्थीले सही विकल्पको पहिचान गरी उपयुक्त उत्तरमा चिह्न लगाउनुपर्छ ।

## ३. अवलोकन

भाषिक मूल्याङ्कनका अन्य साधनहरूबाट भाषिक सिपको मूल्याङ्कन कार्य प्रयाप्त नभएमा यस विधिबाट मूल्याङ्कन गर्न सकिन्छ । शिक्षण सिकाइ पश्चात विद्यार्थीका व्यवहारमा आएको सकारात्मक र नकारात्मक परिवर्तनको अध्ययन गर्ने माध्यम नै अवलोकन हो । यसलाई पनि दुईवटा विधिबाट प्रयोग गर्न सकिन्छ :

### (क) श्रेणीमापन

विद्यार्थीहरूको सिप, धारणा, समझ वा स्तर कुन खालको छ सो पत्ता लगाउने उद्देश्यले बनाइएको साधनलाई श्रेणीमापन भनिन्छ । यसबाट विद्यार्थीहरूको क्षमताको स्तरको आधारमा उनीहरूको व्यवहारलाई उत्तम, मध्यम, निम्न वा सामान्य जस्ता तिन, चार वा पाँचवटा श्रेणीमापन बनाएर प्रयोगमा ल्याई मूल्याङ्कन गर्न सकिन्छ ।

### (ख) जाँच सूची

विद्यार्थीका विभिन्न भाषिक क्षमता व्यवहारसम्बन्धी कुराहरू पत्ता लगाउन उनीहरूको बानी, व्यवहार, क्षमता, आचरण र गुणहरूको सूची तयार गरी मूल्याङ्कन गर्ने गरिन्छ । विद्यार्थीको सम्भावित क्षमतालाई दुई वा दुईभन्दा बढी विकल्पमा राखेर विकल्पहरूमा चिनो लगाउने व्यवस्था मिलाइएको हुन्छ ।

## ४. घटनावृत्त अभिलेख

भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइने औपचारिक मूल्याङ्कन अन्तर्गत घटनावृत्त अभिलेख पर्दछ । यसबाट विद्यार्थीको व्यक्तिको विकासको लेखाजोखा गरिन्छ । विद्यार्थीका बानी, चरित्र, व्यावहारिक, अव्यावहारिक कस्तो किसिमको भूमिका रहेको छ भन्ने कुरा कुनै एउटा घटनालाई आधार बनाएर सोही अनुसार विद्यार्थीका व्यवहारमा आएका प्रवृत्तिलाई लेखाजोखा गरी अभिलेख राखिन्छ ।

### २.२.६ भाषिक मूल्याङ्कनका साधनहरूको शैक्षणिक प्रयोजन

कक्षाभित्र वा बाहिर शिक्षक विद्यार्थीले गरेका सम्पूर्ण क्रियाकलापद्वारा विद्यार्थीको व्यवहारमा के कति हदसम्म अपेक्षित परिवर्तन आयो वा आएन भनेर जान्नका लागि भाषिक मूल्याङ्कनका साधनहरू उपयोगी हुन्छन् । यसमा विद्यार्थीले गरेका सम्पूर्ण व्यवहारहरूको मूल्याङ्कन गर्न सहयोग गर्दछ, जसअनुसार यसको प्रयोजन निम्नानुसार छन् :

१. यस अध्ययनले निम्नमाध्यमिक स्तरमा आन्तरिक परीक्षाको रूपमा भाषिक मूल्याङ्कन गर्दा अपनाउनुपर्ने स्तरयुक्त साधनहरूको प्रयोगमा मद्दत गर्दछ ।

२. यसले निम्नमाध्यमिक स्तरमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई भाषिक मूल्याङ्कन गर्दा अपनाउनु पर्ने निश्चित आधारहरू प्रदान गर्दछ ।

३. यस अनुसन्धानले भाषिक मूल्याङ्कन प्रक्रियामा आवश्यक सुधार गर्न सहयोग पुऱ्याउँछ ।

४. यसले भाषिक मूल्याङ्कन, भाषिक मूल्याङ्कनका सिद्धान्त तथा भाषिक मूल्याङ्कनका साधनहरूसँग सम्पूर्ण भाषाशिक्षणलाई परिचित गराउँछ ।

५. भाषिक मूल्याङ्कनका साधनले मूलतः भाषा शिक्षक, भाषा पाठ्यक्रमविद्, पाठ्यपुस्तक निर्माता, विद्यार्थी वर्ग आदि सबैलाई सहयोग गर्दछ ।

६. यसले भाषिक मूल्याङ्कन गर्ने परीक्षकहरूलाई समेत तत्सम्बन्धी मार्गनिर्देशन गर्न मद्दत गर्दछ ।

७. यसले निम्नमाध्यमिक तहको परीक्षा सञ्चालनका क्रममा समय-समयमा आवश्यक सुपरिवेक्षण वा निरीक्षणका साथै शिक्षक र विद्यार्थीहरूको बिचमा आवश्यक पृष्ठपोषण दिनुका साथै लिखित परीक्षा बाहेक अन्य परीक्षालाई प्राथमिकता दिइएको छ ।

### २.२.७ भाषिक मूल्याङ्कनका साधनहरूको निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू

भाषाशिक्षण भनेको विद्यार्थीले हासिल गरेका भाषिक सिप र पक्षहरू पाठ्यक्रममा निर्धारित उद्देश्य अनुरूपका छन् कि भनी वैज्ञानिक मापन प्रणालीद्वारा मूल्याङ्कन गर्ने कार्य नै भाषिक मूल्याङ्कन हो । भाषिक मूल्याङ्कनका साधनहरूको निर्माणमा भाषिक

मूल्याङ्कनका सबै पक्षहरूलाई समेट्ने खालका साधनहरूको निर्माण गर्नुपर्दछ । भाषिक मूल्याङ्कनका साधनहरूको निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नलिखित छन् :

- निर्देशन स्पष्टसँग दिइएको हुनुपर्दछ ।
- साधनमा प्रयुक्त भाषा सरल र स्पष्ट हुनुपर्दछ ।
- निर्माण गरिएको साधनले जुन कुराको परीक्षण गर्न खोजिएको हो त्यस कुराको परीक्षण गर्नुपर्दछ ।
- निर्माण गरिएको प्रश्नमा परीक्षणीय आधार दिइएको हुनुपर्दछ ।
- निर्माण गरिएका साधनको भाषा दोहोरो अर्थ लाग्ने हुनुहुँदैन ।

भाषा शिक्षण भनेको भाषा विषयको मात्र शिक्षण नभएर भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ आदिको शिक्षण हो । यसरी नै भाषिक मूल्याङ्कन गर्दा पनि भाषिक सिपहरू गाँसिएको छ । भाषिक मूल्याङ्कन भन्नाले कुनै खास तहका विद्यार्थीहरूका निम्ति भाषा पाठ्यक्रमद्वारा निर्धारित भाषिक सिप (बोध र अभिव्यक्ति) के कति आर्जन गरे अथवा के कति ग्रहण गर्न सकेनन् र किन, कति कारणहरूबाट ती सिपहरू ग्रहण गर्न सकेनन् भन्ने कुराको लेखाजोखा गर्ने बुझिन्छ ।

कुनै पनि प्रक्रिया वा साधनविना कुनै पनि प्रकारको मूल्याङ्कन हुन सक्दैन । विद्यार्थीले हासिल गरेका भाषिक सिप पाठ्यक्रममा निर्धारित अनुरूप छन् कि छैनन् भन्ने कुराको मापन गर्ने काम भाषिक मूल्याङ्कनले गर्दछ । भाषाशिक्षण भाषिक सिप प्राप्तिका लागि गरिन्छ, तर ती सबै साधनको परीक्षण गर्न सकिँदैन । उपयुक्त साधनको छनोट गरेर मूल्याङ्कन गर्न सके मात्र उचित तरिकाले भाषिक मूल्याङ्कन हुन सक्छ । भाषा सिकाइ आफैँमा प्रयोगपरक एवम् सिपपरक हुन्छ । त्यसैले भाषिक सिपहरूको परीक्षणका लागि विभिन्न तरिका तथा साधनहरू उपयोग गरिँदै आएको छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

प्रस्तुत शोधकार्य स्थलगत अध्ययन विधिमा गरिएको छ । कुनै पनि अध्ययन अनुसन्धानका लागि विविध विधि तथा प्रक्रिया अँगाल्नुपर्ने हुन्छ, तर ती विधि भने विश्सनीय, वैध, प्रमाणिक र वैज्ञानिक हुनु जरुरी छ। त्यसकारण यस अध्ययनलाई मध्यनजर गर्दै कक्षा छमा भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन निम्न बमोजिमका अनुसन्धानका विधिको प्रयोग गरिएको छ।

## ३.१ जनसङ्ख्या र नमुना छनोट

कुनै पनि कुराको अध्ययन विश्लेषण गर्दा त्यसका निम्ति जनसङ्ख्याको जरुरत पर्ने गर्दछ। प्रस्तुत अध्ययनका लागि कक्षा छमा भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका युक्ति तथा साधनको अध्ययनमा केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्य काभ्रे जिल्लाका विद्यालयहरुमा केन्द्रित रहेको छ र कक्षा छमा अध्यापन गराउने शिक्षक र अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरू जनसङ्ख्याको रूपमा लिइएको छ।

नमुनाले जनसङ्ख्याको पूर्णतः प्रतिनिधित्व गरेको हुन्छ । कुनै पनि अनुसन्धानको व्याख्या विश्लेषणसम्म पुग्न सम्पूर्ण जनसङ्ख्याबाट नमुनाले महत्त्वपूर्ण भूमिका खेल्ने छ । नमुना छनोट गर्दा भौगोलिक, सामाजिक, धार्मिक, शिक्षाको गुणस्तर, तालिम आदि आधारहरूलाई ध्यान दिनुपर्ने कारणले गर्दा काभ्रे जिल्लाको बनेपा स्थितका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा छमा नेपाली भाषा शिक्षण गर्ने १/१ जना शिक्षक गरी जम्मा २ जना शिक्षक र सोही विद्यालयका कक्षा छमा अध्ययनरत ४/४ जना छात्र तथा छात्रा गरी जम्मा ८ जना छात्रछात्राहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । शिक्षकको लागि उद्देश्यपूर्ण नमुना छनोट र विद्यार्थीका लागि चिट्ठा प्रणालीद्वारा नमुना छनोट गरिएको छ।

## ३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया

अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलनको विशेष महत्त्व रहेको हुन्छ । भाषिक सामग्री अनुसन्धानका विशिष्ट माध्यम हुन् । यस कक्षा छमा भाषिक मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरूको अध्ययनमा पनि तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ।

उक्त कार्यका लागि तथ्याङ्क सङ्कलनका लागि निम्नलिखित विधि अपनाई तथ्याङ्क सङ्कलन गरिएको छ :

### ३.२.१ साधनको निर्माण

भाषिक मूल्याङ्कनका साधनहरूको सन्दर्भमा परीक्षणीय प्रमुख साधनका रूपमा प्रश्नपत्रहरूलाई लिइन्छ । ती निर्माण गरिएका साधनहरूले भाषिक सिप सिकाइका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकासका लागि सहयोग गरेको । ती निर्माण गरिएका साधनहरूले भाषिक मूल्याङ्कनको सबै पक्षलाई समेटेको पाइयो । प्रस्तुत शोधकार्यको लागि तथ्याङ्क सङ्कलन गर्दा निम्नानुसार साधनहरू प्रयोग गरिएको छ :

(क) **प्रश्नावली**

प्रस्तुत शोधकार्यको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि प्रश्नावलीलाई प्रमुख साधनको रूपमा प्रयोग गरिएको छ । यस कार्यको लागि प्राथमिक तथ्याङ्क सङ्कलन गर्दा परिशिष्ट १ मा शिक्षकको लागि खण्ड (क) मा भाषिक मूल्याङ्कका लागि ८ वटा, खण्ड (ख) मा भाषिक मूल्याङ्कनको साधनका लागि ८ वटा, खण्ड (ग) सुनाइ सिपका लागि ५ वटा, खण्ड (घ)मा बोलाइ सिपका लागि ५ वटा, खण्ड (ङ) मा पढाइ सिपका लागि ५ वटा, खण्ड (च) मा लेखाइ सिपका लागि ५ वटा र खण्ड (छ) मा शिक्षण अभ्यासका लागि १० वटा गरी ४६ वटा प्रश्नहरू सोधिने छ र परिशिष्ट (ख) मा विद्यार्थीहरूको लागि २० वटा प्रश्नहरू सोधिएको छ ।

(ख) अन्तर्वार्ता

प्रस्तुत शोधकार्यको लागि तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली लिएर स्वयम् अध्ययनकर्ता अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रूपमा उत्तरदातासँग आमनेसामने बसी प्रश्नोत्तरको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.२.२ पूर्व परीक्षण

शैक्षिक उपलब्धिलाई मापन गर्न प्रयोग गरिने सबैभन्दा प्रचलित साधनलाई परीक्षण भनिन्छ । विद्यार्थीको ज्ञान, सिप, धारणा जस्ता गुणहरू मापन गर्न प्रश्न, अभ्यास र अवलोकन जस्ता विधिहरूको प्रयोग गरी मापन गर्ने पद्धतिलाई परीक्षण भनिन्छ । आफूले गर्न खोजेको कुनै पनि कार्यको पूर्व जाँच गर्नु नै पूर्व परीक्षण हो । प्रंस्तुत शोधकार्यको लागि

निर्माण गरिएका प्रश्नहरूलाई काभ्रे जिल्लाको बनेपास्थितका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका नेपाली विषय पढाउने शिक्षक र विद्यार्थीलाई ती प्रश्नपत्र पूर्व परीक्षण गरिएको छ ।

### ३.२.३ मानकीकरण

मानकीकरण भन्नाले निर्माण गरिएको प्रश्नलाई सुधार, परिष्कार, परिमार्जन गरी स्तरयुक्त रूप दिनु हो । भाषिक मूल्याङ्कनका लागि निर्माण गरिएको साधनहरूलाई निर्माण गरिसकेपछि त्यसलाई पूर्व परीक्षणका रूपमा प्रयोग गरी त्यसपश्चात् अन्त्यमा मानकीकरण गरी परीक्षण स्थलमा लगेर परीक्षण गरिएको छ ।

### ३.२.४ तथ्याङ्क सङ्कलन

प्रस्तुत शोधकार्यको लागि तथ्याङ्क सङ्कलनका लागि तोकिएको क्षेत्रमा गएर तथ्याङ्क सङ्कलन गरिएको छ । यसै क्रममा तथ्याङ्क सङ्कलनको लागि काभ्रे जिल्लाको बनेपास्थित  ठाउँमा गएर त्यहाँका ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयमा गई कक्षा छका नेपाली विषय पढाउने शिक्षक र सोही विद्यालयका ४/४ जना छात्र/छात्रालाई भेटेर प्रश्नावलीका माध्ममबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.३ व्याख्या विश्लेषण

प्रस्तुत शोधाकार्यको लागि सङ्कलन गरिएको तथ्याङ्कको व्याख्या विश्लेषण गर्दा प्राप्त नतिजाकै आधारमा भाषिक मूल्याङ्कन र यससँग सम्बन्धित प्रश्न, कार्यकलाप, युक्ति तथा साधनहरूलाई ध्यान दिई तथ्याङ्कलाई विविध तालिकामा तालिकीकरण र वर्गीकरण गर्नुका साथै प्रतिशतका आधारमा आवश्यक विश्लेषण गरिएको छ । अतः तथ्याङ्कको सङ्कलन, त्यसबाट प्राप्त नतिजाको तालिकीकरण, वर्गीकरण, व्याख्या र विश्लेषण जस्ता प्रक्रियाहरू पुरा गरी प्रस्तुत अध्ययनको निष्कर्षमा पुगिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरू

नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरू निम्नानुसार छन् (पौडेल, २०७० : ७९-९५) :

### ४.१.१ मौखिक परीक्षा

मौखिक परीक्षाबाट विद्यार्थीको भाषिक पक्षको पनि विकास भएको पाइयो मौखिक परीक्षाका माध्यमबाट विद्यार्थीहरूलाई बोलाइ सिपमा पनि मद्दत पुगेको पाइयो । काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा भाषिक मूल्याङ्कनको साधनअन्तर्गत पर्ने प्रमुख साधन मौखिक परीक्षाको प्रायः सबै विद्यालयहरूमा प्रयोग भएको पाइयो । सबै विद्यालयमा गई कक्षा अवलोकन गर्दा मौखिक परीक्षालाई सबै विद्यालयमा समान रूपमा प्रयोग गरिएको पाइयो ।

### ४.१.२ लिखित परीक्षा

लिखित परीक्षाको माध्यमबाट विद्यार्थीहरूमा लेखक क्षमताको विकास भएको पाइयो । लिखित परीक्षाहरू सबै विद्यालयहरूमा समान रूपमा भएको पाइएन । भाषिक मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये लिखित परीक्षा पनि एउटा प्रमुख साधन हो । भाषिक मूल्याङ्कनको साधनको रूपमा पनि लिखित परीक्षालाई पनि उपयोग गरेको पाइयो । लिखित परीक्षाअन्तर्गत विषयगत र वस्तुगत प्रश्नहरूको प्रयोग गरेको पाइयो । जुन निम्नलिखित छन् :

(क) **विषयगत प्रश्न**

काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा भाषिक मूल्याङ्कनको साधनको रूपमा विषयगत प्रश्नलाई पनि उपयोग गरेको पाइयो । विषयगत प्रश्नलाई पनि सबै विद्यालयहरूमा समान रूपमा प्रयोग गरेको पाइयो । विषयगत प्रश्नअन्तर्गत पनि निम्नानुसार साधनहरूको उपयोग गरेको पाइयो ।

(अ) **निबन्धात्मक प्रश्न**

निबन्धात्मक प्रश्नका माध्यमबाट विद्यार्थीहरूको लेखन क्षमताको मूल्याङ्कन गरेको पाइयो । यस खालका प्रश्नहरूलाई विद्यार्थीहरूले के कसरी उत्तर दिन्छन्, ती दिइएका उत्तरहरूको शब्द सङ्गठन, वाक्य संगठन कस्तो प्रकारले भएको छ भनेर हेरेको पाइयो । यस्ता खालका प्रश्नहरू सबै विद्यालयहरूमा प्रयोग गरेको पाइयो । विषयगत रूपमा लामो उत्तर आउने गरी सोधिने प्रश्नहरू यस प्रश्नअन्तर्गत पर्दछन् । काभ्रे जिल्लामा भाषिक मूल्याङ्कनका साधनहरूको रूपमा निबन्धत्मक प्रश्नहरूको पनि उपयोग धेरै भएको पाइयो । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा बढी उपयोग गरेको पाइयो ।

(आ) **संक्षिप्त उत्तरात्मक प्रश्न**

यस्ता खालका प्रश्नहरूको प्रयोग काभ्रे जिल्लाका विद्यालयहरूमा प्रयोग भएको पाइयो । यस्ता प्रश्नको प्रयोग विद्यार्थीहरूको भाषिक पक्षको के कति मात्रामा विकास भएको छ भनेर उपयोग गर्ने गरेको पाइयो । काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरूमा संक्षिप्त उत्तरात्मक प्रश्नलाई पनि भाषिक मूल्याङ्कनको साधनहरूको रूपमा उपयोग गरेको पाइयो ।

(ख) **वस्तुगत प्रश्न**

काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरूमा वस्तुगत प्रश्नको प्रयोग गरेको पाइयो । सामुदायिक विद्यालयहरूको शिक्षकहरूसँग प्रत्यक्ष रूपमा भेटेर र विद्यार्थीहरूसँगको भेटमा सोधपुछ गर्दा वस्तुगत प्रश्नको प्रयोग गरेको पाइयो । संस्थागत विद्यालयहरूको हकमा कुरा गर्दा पनि यसको प्रयोग राम्रोसँग गरेको पाइयो । भाषिक मूल्याङ्कनका सन्दर्भमा वस्तुगत प्रश्न अत्यधिक प्रयोग भएको पाइयो । वस्तुगत प्रश्नका प्रकारहरू पनि विद्यालयमा प्रयोगमा आएको पाइयो । जुन निम्नलिखित छन् :

(अ) **खाली ठाउँ भर्ने प्रश्न**

काभ्रे जिल्लाका सामुदायिक र संस्थागत दुबै विद्यालयहरूमा खाली ठाउँ भर्ने प्रश्नलाई माध्यमका रूपमा उपयोग गरेको पाइयो । विद्यार्थीको संज्ञानात्मक पक्षको मापन गर्ने सघाउ पुऱ्याउने उद्देश्य अनुरूप यस्ता प्रश्नहरू उपयागमा ल्याएको पाइयो । कक्षा छको भाषिक मूल्याङ्कनको साधन अन्तर्गत खाली ठाउँ भर्ने प्रश्नलाई पनि प्रयोग गरेको पाइयो ।

काभ्रे जिल्लाका छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरूमा खाली ठाउँ भर्ने प्रश्नको प्रयोग गरेको पाइयो ।

(आ) **ठिक बेठिक छुट्याउने प्रश्न**

सामुदायिक र संस्थागत दुबै विद्यालयका शिक्षकहरूले यसको उपयोग गरेको पाइयो । नेपाली भाषिक मूल्याङ्कनका सन्दर्भमा यसको प्रयोग उपयुक्त र समयका हिसाबले पनि छिटो हुने भएकाले प्रयागमा ल्याएको पाइयो । भाषिक मूल्याङ्कनको साधनहरूमध्ये ठिक बेठिक छुट्याउने प्रश्न पनि भाषिक मूल्याङ्कनको साधनको विद्यालयमा प्रयोग भएको पाइयो । सामुदायिक र संस्थागत दुबै विद्यालयमा ठिक बेठिक छुट्याउने प्रश्नको प्रयोग गरेको पाइयो ।

(इ) **जोडा मिलाउने प्रश्न**

सामुदायिक र संस्थागत विद्यालयहरूमा वस्तुगत प्रश्न पछि जोडा मिलाउने प्रश्नहरूको प्रयोग गरेको पाइयो । यसमा काभ्रे जिल्लाका नमुनाका रूपमा प्रयोगमा ल्याएका सबै विद्यालयका शिक्षकहरूले यसको उपयुक्त रूपले प्रयोग गरेको पाइयो । विद्यालयमा शिक्षकहरूले अत्यधिक मात्रामा कक्षाकोठामा प्रयोग गरेको पाइयो ।

(ई) **बहुवैकल्पिक प्रश्न**

काभ्रे जिल्लाका शिक्षकहरूले भाषिक मूल्याङ्कनका साधनहरूको रूपमा वहुवैकल्पिक प्रश्नको पनि उपयोग गरेको पाइयो । शिक्षकहरूले यसको प्रयोगका क्रममा कुनै पनि प्रश्नको चार वटै विकल्प समान किसिमले राख्नुपर्ने तर ती विकल्पहरू समान किसिमले राखेको पाइएन । भाषिक मूल्याङ्कनको साधनको रूपमा बहुवैकल्पिक प्रश्नलाई पनि प्रयोगमा ल्याइएको पाइयो । कक्षा छमा भाषिक मूल्याङ्कनका लागि शिक्षकहरूले विद्यालयमा नेपाली भाषिक मूल्याङ्कन गर्ने क्रममा बहुवैकल्पिक प्रश्नको पनि प्रयोग गरेको पाइयो ।

### ४.१.३ प्रयोगात्मक परीक्षा

भाषिक मूल्याङ्कनको साधनको रूपमा प्रयोगमा ल्याइएको अर्को साधनमध्ये प्रयोगात्मक परीक्षा पनि एक हो । काभ्रे जिल्लाका सामुदायिक र संस्थागत दुबै खालका विद्यालयहरूमा प्रयोगात्मक परीक्षाको प्रयोग त्यति सन्तोषजनक रहेको देखिएन । यसको

प्रयोगलाई हेर्दा कतिपय विद्यालयहरूमा नेपाली भाषाको पनि मूल्याङ्कनको लागि यति धेरै झन्झट गर्नुपर्दैन भन्ने धारणा शिक्षकहरूको पाइयो भने कतिपय विद्यालयहरूमा प्रयोगात्मक परीक्षा एकदमै राम्रोसँग गरेको पाइयो ।

### ४.१.४ अवलोकन

भाषिक मूल्याङ्कनको साधनको रूपमा पनि अवलोकनलाई प्रयोगमा ल्याइएको भनिए तापनि प्रत्यक्ष रूपमा हेर्दा कक्षाकोठामा त्यसको प्रयोग गरेको पाइएन । काभ्रे जिल्लाका कक्षा छमा कक्षा अवलोकन गर्दा प्रायःजसो विद्यालयहरूमा अवलोकनका विधिको पनि प्रयोग भएको पाइएन ।

### ४.१.५ घटनावृत्त अभिलेख

भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइने औपचारिक मूल्याङ्कनअन्तर्गत घटनावृत्त अभिलेख पर्दछ । भाषिक मूल्याङ्कनको लागि काभ्रे जिल्लाका सामुदायिक र संस्थागत दुबै विद्यालयहरूमा घटनावृत्त अभिलेखको प्रयोग गरेको पाइयो । यस किसिमको साधनको प्रयोगबाट विद्यार्थीहरूले के कति मात्रामा भाषिक व्यवहारमा सुधार गर्‍यो भनेर पत्ता लगाउन सकिन्छ ।

### ४.१.६ अन्य

माथि उल्लिखित भाषिक मूल्याङ्कनका साधनहरू बाहेक भाषिक मूल्याङ्कनका लागि अन्य साधनहरूको पनि प्रयोगमा ल्याइएको पाइयो, जुन निम्नानुसार छन् :

(अ) कक्षा कार्य

भाषिक मूल्याङ्कनको साधनअन्तर्गत पर्ने साधन कक्षा कार्य पनि एक भएकाले यसको पनि प्रयोग गरेको पाइयो । यस साधनको माध्यमबाट विद्यार्थीहरूमा भाषिक सिप अनुसारका दैनिक रूपमा विभिन्न गतिविधिबाट भाषिक मूल्याङ्कन गर्ने गरेको पाइयो । यस भाषिक मूल्याङ्कनको साधन सामुदायिक र संस्थागत दुबै विद्यालयहरूमा प्रयोग गरेको पाइयो तर सामुदायिक र संस्थागत विद्यालयको तुलनामा संस्थागत विद्यालयमा बढी प्रयोग गरेको पाइयो ।

(आ) गृहकार्य

काभ्रे जिल्लाका सामुदायिक र संस्थागत दुबै विद्यालयहरूमा गृहकार्यको प्रयोग गरेको पाइयो । सामुदायिक विद्यालयहरूभन्दा पनि संस्थागत विद्यालयहरूमा यसको प्रयोग बढी गरेको पाइयो । सामुदायिक विद्यालयहरूमा शिक्षकले गृहकार्य दिए पनि विद्यार्थीहरूले त्यसलाई त्यति चासो दिएर नगर्ने गरेको पाइयो । भाषिक मूल्याङ्कनको साधनको रूपमा पनि यसलाई सबै विद्यालयमा प्रयोग गरेको पाइयो ।

(इ) एकाइ परीक्षा

एकाइ परीक्षाहरूको प्रयोगको कुरा गर्दा संस्थागत विद्यालयम यसको प्रयोग समयमा नै भएको पाइयो । सामुदायिक विद्यालयमा चाहिँ त्यति प्रभावकारी रूपमा उपयोग भएको पाइएन । यस साधनले विद्यार्थीले विषयगत रूपमा कुनै पनि एकाइगत अध्ययन पश्चात् के कति मात्रामा ज्ञान हासिल गरे भनी मूल्याङ्कन गर्न एकाइ परीक्षा लिने गरेको पाइयो । यस साधनको प्रयोग सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा राम्रोसँग प्रयोग गरिएको पाइयो ।

(ई) अतिरिक्त क्रियाकलाप

काभ्रेका सामुदायिक र संस्थागत दुबै विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको प्रयोग भएको पाइयो । भाषिक मूल्याङ्कन अतिरिक्त क्रियाकलापको माध्यमबाट साप्ताहिक रूपमा वा विभिन्न समयमा विभिन्न कार्यक्रमको आयोजना गरी सम्पन्न गर्न गरेको पाइयो । भाषिक मूल्याङ्कनको साधनका रूपमा अतिरिक्त क्रियाकलापलाई पनि प्रयोग गरेको पाइयो ।

## ४.२ भाषिक सिपका दृष्टिले मूल्याङ्कनका साधनहरूको विश्लेषण

(क) सुनाइ सिपका आधारमा

कक्षा छमा सुनाइ सिपको मूल्याङ्कन गर्नाका लागि विभिन्न किसिमका क्रियाकलापहरू गराउनु पर्दछ । सुनाइ सिपको विकासका लागि विद्यार्थीहरूलाई कक्षाकोठामा विभिन्न किसिमको क्रियाकलापहरूको माध्यमबाट सुनाइ सिपको विकास गरेको पाइयो । कक्षामा कुनै एउटा विद्यार्थीलाई एउटा कथा पढ्न लगाएर अरू विद्यार्थीहरूलाई सुन्न लगाएर पनि सुनाइ सिपको विकास गर्न लगाएको पाइयो । साथै कुनै टेप रेकर्डिङहरू

सुनाएर पनि सुनाइ सिपको विकास गर्न लगाएको पाइयो । सुनाइ सिपको विकास भएको छ वा छैन भनेर मूल्याङ्कन गर्नाका लागि विद्यार्थीहरूलाई शिक्षकले कक्षाकोठामा कुनै विषयवस्तु सुन्न लगाएर त्यसपछि त्यस विषयवस्तुका बारेमा विद्यार्थीहरूलाई पालैपालो सोधेर मूल्याङ्कन गरेको पाइयो । भाषिक सिपका दृष्टिले मूल्याङ्कन गर्दा सुनाइ सिपका लागि कक्षाकोठामा वादविवाद गराउने, रेकर्डिङ्हरू सुनाउने र भन्न लगाउने, वक्तृत्वकला गराउने, विभिन्न विषयवस्तुहरू सुनाउने इत्यादि क्रियाकलापका माध्यमबाट सुनाइ सिपको मूल्याङ्कन गर्ने गरेको पाइयो । शिक्षकले आफैले कक्षाकोठामा कुनै पनि विषयवस्तुको बारेमा पहिले आफूले भनेर पछि विद्यार्थीलाई सोधेर मूल्याङ्कन गरेको पाइयो । कुनै विद्यालयमा त टेपरेकर्डिङहरू पनि सुनाएर त्यसको आधारमा प्रश्नोत्तर गरेर पनि सुनाइ सिपको मूल्याङ्कन गरेको पाइयो ।

सुनाइ सीपको विकासका लागि विभिन्न किसिमका क्रियाकलापहरू गर्न सकिन्छ । सुनाइ सीपको लागि कक्षाकोठामा विद्यार्थीहरूलाई ध्वनि विभेदीकरण, वाक्य विभेदीकरण, श्रुतिबोध र बुँदाटिपोटको माध्यमबाट सुनाइ सीपको मूल्याङ्कन गरेको पाइयो । जस्तैः विद्यार्थीहरूलाई शिक्षकले कक्षाकोठामा कुनै घटना सुनाएर त्यस घटनाको मुख्य मुख्य बुँदाहरू विद्यार्थीलाई टिप्न लगाएर सुनाइ सीपको मूल्याङ्कन गरेको पाइयो ।

सामुदायिक र संस्थागत विद्यालयमा सुनाइ सिप विकासका लागि ध्वनि विभेदीकरणका माध्यमबाट विद्यार्थीहरूलाई टाढा र नजिकबाट बोलेको स्वर छुट्याउन लगाउनु वर्ण विभेदीकरणका माध्यमबाट विद्यार्थीहरूले गल्ती गर्न सक्ने समान जस्ता ध्वनि भएका वर्णयुग्महरू खोजी गरी वर्ण विभेद गर्न लगाएको पाउनु, श्रुतिलेखन, श्रुतिरचना गर्न लगाएको पाइयो ।

त्यसैगरी सुनाइ सिपको विकासका लागि सामुदायिक विद्यालयहरूमा राम्रोसँग सुनाइ सिपको कार्यकलाप गरेको पाइयो । संस्थागत विद्यालयमा सुनाइ सिपका लागि पर्याप्त मात्रामा सुनाइ सिपका क्रियाकलापहरू  गरेको पाइएन ।

**(ख) बोलाइ सिपका आधारमा**

भाषिक सिपको दृष्टिले बोलाइ सिपको मूल्याङ्कन गर्दा काभ्रे जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरूमा गई कक्षा अवलोकन गर्दा बोलाइ सिपलाई पनि महत्त्व दिइएको पाइयो । बोलाई सिपको विकासका लागि काभ्रे जिल्लाका विद्यालयहरूमा विद्यार्थीहरूलाई

कथा, कविता, जीवनी आदि पढ्न लगाएको पाइयो । कक्षाकोठामा शिक्षकले सेतोपाटीमा विभिन्न किसिमका शब्दहरू लेखेर विद्यार्थीहरूलाई पालैपालो ती शब्दहरूलाई उच्चारण गर्न लगाएको पाइयो । साथै विद्यार्थीहरूलाई गृहकार्य गर्न लगाउने र त्यो गृहकार्यलाई भोलिपल्ट पढ्न लगाएर पनि बोलाइ सिपको मूल्याङ्कन गरेको पाइयो । त्यस्तै विद्यालयमा भएको विभिन्न किसिमको प्रतियोगितामा भाग लिन लगाएर पनि बोलाइ सिपको विकास गरेको पाइयो । भाषिक मूल्याङ्कन गर्दा बोलाइ सिपको माध्यमबाट कक्षा छमा नेपाली भाषिक अध्ययन गर्ने विद्यार्थीहरूले कसरी उच्चारण गर्दछन् भनेर विभिन्न किसिमको शब्द, उपवाक्य, वाक्य, अनुच्छेद र पाठ पढ्न लगाएर मूल्याङ्कन गरिएको पाइयो । यस क्रममा नेपाली भाषिक मूल्याङ्कनका लागि संस्थागत विद्यालयमा नेपाली भाषिक मूल्याङ्कन राम्रोसँग भएको पाइएन र सामुदायिक विद्यालयहरूमा राम्रोसँग बोलाइ सिपको मूल्याङ्कन भएको पाइयो । बोलाइ सिपको विकासका लागि बढी मात्रामा वादविवाद र वक्तृत्वलाई शिक्षकहरूले प्राथमिकता दिएर बोलाई सिपको विकास गर्न सकिन्छ ।

बोलाइ सीपको विकासका लागि कक्षाकोठामा विभिन्न किसिमको क्रियाकलापहरू गराउन लगाएको पाइयो । बोलाइ सीपको लागि विद्यार्थीहरूलाई कुनै निश्चित विषयवस्तु दिएर कुराकानी वा छलफल गर्न, कथा भन्न, अनुभव वर्णन आदि गर्न लगाएको पाइयो । जस्तै विद्यार्थीहरूलाई कुनै कथा भन्न लगाएर बोलाइ सीपको मूल्याङ्कन गरेको पाइयो ।

बोलाइ सिपका लागि सामुदायिक र संस्थागत विद्यालयहरूमा बोलाइ सिपका लागि विभिन्न किसिमका कार्यकलापहरू गरेको पाइयो । जसमा बोलाइ सिपका लागि कुराकानी तथा छलफलमा कुनै विषयवस्तुका बारेमा गर्न लगाएको पाइयो । विद्यार्थीहरूलाई कुनै वस्तु तथा चित्र वर्णन गर्न लगाएको पाइयो । त्यसैगरी विद्यार्थीहरूलाई कथा भन्न लगाएर पनि बोलाई सिपको विकास गरेको पाइयो ।

बोलाइ सिपको विकासका लागि सामुदायिक विद्यालयहरूमा बोलाइ सिपका क्रियाकलापको प्रयोग गरेको र संस्थागत विद्यालयमा त्यति प्रयोग गरेको पाइएन ।

### (ग) पढाइ सिपका आधारमा

भाषिक सिपको दृष्टिले पढाइ सिपको मूल्याङ्कन गर्दा शिक्षकले कक्षाकोठामा विभिन्न किसिमका पढाइ सम्बन्धी कार्यकलापका माध्यमबाट पढाइ सिपको मूल्याङ्कन गरेको पाइयो । पढाइ सिपको विकासका लागि विद्यालयहरूमा विद्यार्थीहरूलाई कक्षा छको

नेपाली किताबमा भएका कथा, कविता, नाटक, निबन्ध इत्यादि पढ्न लगाएको पाइयो । पढाइ सिपको विकास भएको छ कि छैन भनेर मूल्याङ्कन गर्नाका लागि शिक्षकले कक्षाकोठामा सेतोपाटीमा एक अनुच्छेद जति कुनै विषयवस्तुको बारेमा लेखेर पढ्न लगाएको पाइयो । साथै कुनै नाटक, कथा, कविता र निबन्ध आदि विद्यार्थीहरूलाई पढ्न लगाएर विद्यार्थीले ती कथा, कविता, नाटक पढ्न सक्छन् कि सक्दैनन् भनेर मूल्याङ्कन गरेको पाइयो । यसको लागि सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूले कक्षाकार्यको माध्यमबाट गृहकार्यको माध्यमबाट, मौखिक परीक्षाको माध्यमबाट र प्रयोगात्मक परीक्षाको माध्यमबाट पनि पढाइ सिपको मूल्याङ्कन गरेको पाइयो । कक्षाकार्यको माध्यमबाट कक्षामा विद्यार्थीहरूलाई कुनै पाठ पढ्न दिएर पढाइ सिपको मूल्याङ्कन गर्ने, गृहकार्यको माध्यमबाट विद्यार्थीहरूलाई कुनै पाठको कथा पढेर आऊ भन्ने र अर्को दिन त्यो कथा पढ्न लगाएर जस्तो कार्यकलापको माध्यमबाट पढाइ सिपको मूल्याङ्कन गर्न सकिन्छ ।

पढाइ सीपको लागि पनि विभिन्न किसिमका क्रियाकलापहरू गरेको पाइयो । पढाइ सीपका लागि संवाद, वादविवाद, वक्तृता, आदि क्रियाकलापहरू गरेको पाइयो । जसमा वक्तृता गराएर पनि पढाइ सीपको मूल्याङ्कन गरेको पाइयो ।

सामुदायिक र संस्थागत दुबै विद्यालयहरूमा पढाइ सिपका क्रियाकलापहरूको प्रयोग गरेको पाइयो । जसमा विद्यार्थीहरूलाई संवाद गराएर पनि पढाइ सिपको विकास गरेको पाइयो, त्यस्तै वादविवाद, वक्तृता गरेको पाइयो ।

**(घ) लेखाइ सिपका आधारमा**

भाषिक सिपको दृष्टिले लेखाइ सिपको मूल्याङ्कन गर्नाको लागि लेखाइ सम्बन्धी विभिन्न किसिमको क्रियाकलापहरूको माध्यमबाट लेखाइ सिपको मूल्याङ्कन गरेको पाइयो । लेखाइ सिपको विकासका लागि विद्यार्थीहरूलाई कक्षाकोठामा स्वतन्त्र किसिमको लेखन गर्न लगाएर पाठमा प्रयुक्त अभ्यासहरू गर्न लगाएर आदिका माध्यमबाट लेखाइ सिपको विकास गरिएको पाइयो । विद्यार्थीहरूको लेखाइ सिपको मूल्याङ्कन गर्नाका लागि विद्यार्थीहरूलाई कुनै पनि किसिमको विषयवस्तुका बारेमा लेख्न लगाएर त्यस विषयवस्तुको लेखाइमा प्रष्टता, शुद्धता, वर्णविन्यास क्षमता, लेखाइको द्रुतता, अक्षराकार र ठाउँ छोडाइको आधारमा लेखाइ सिपको मूल्याङ्कन गरेको पाइयो । कक्षा छमा नेपाली भाषिक मूल्याङ्कनका लागि शिक्षकले कक्षाकोठामा विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तुमा लेख्न लगाएर त्यसपछि विद्यार्थीहरूको

लेखाइमा के कति मात्रामा प्रस्टता र शुद्धता, वर्णविन्यास क्षमता, लेखाइको द्रुतता र अक्षराकार र ठाउँ छोडाइको आधारमार लेखाइ सिपको मूल्याङ्कन गरेको पाइयो । लेखाइ सिपको मूल्याङ्कन गर्दा सबै पक्षलाई उपयुक्त तरिकाले प्रयोग नगरेको देखिन्छ ।

लेखाइ सिपको विकास गर्नका लागि कक्षाकोठामा विद्यार्थीहरूलाई विभिन्न किसिमको क्रियाकलाप गराएको पाइयो । लेखाइ सीपका लागि श्रुति लेखन, अनु लेखन, अनुच्छेद लेखन र प्रश्नोत्तर लेखन जस्ता क्रियाकलापहरू गर्न लगाएको पाइयो । जस्तैः शिक्षकले कक्षाकोठामा कुनै विषयवस्तुको बारेमा बताउँदै विद्यार्थीहरूलाई लेख्न लगाएर पनि लेखाइ सीपको मूल्याङ्कन गरेको पाइयो ।

लेखाइ सिपका लागि सामुदायिक र संस्थागत दुबै विद्यालयहरूमा लेखाइसम्बन्धी क्रियाकलाप गरेको पाइयो । जसका लेखन कलाको विकासका लागि विद्यार्थीहरूलाई कुनै पुस्तक वा पत्रपत्रिका अनुच्छेदहरू दिएर त्यसलाई हेरेर सार्न लगाएको पाइयो । त्यसैगरी श्रुतिलेखन, प्रश्नोत्तर लेखन, अनुच्छेद लेखन जस्ता क्रियाकलाप गरेको पाइयो ।

### ४.२.१ सुनाइ सिपको विकासका लागि प्रयोग गरिएका साधन

तालिका १

सुनाइ सिप विकासका लागि प्रयोग गरिएका साधनहरूको मूल्याङ्कन

| अतिरिक्त क्रियाकलाप | प्राथमिकता दिने शिक्षक | | | |
|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| वादविवाद गराउने | २ | २ | ४ | ४ |
| वक्तृत्वकला गराउने | २ | २ | - | १ |
| विषयवस्तु सुनाउने र भन्न लगाउने | ४ | ४ | २ | - |
| रेकर्डिङहरू सुनाउने र भन्न लगाउने | २ | २ | ४ | ५ |
| जम्मा | १० | १० | १० | १० |

माथिको तालिका अनुसार कक्षा छमा भाषिक मूल्याङ्कन गर्दा सुनाइ सिपको विकासका लागि अतिरिक्त क्रियाकलापहरूमा मूल्याङ्कन गर्दा ४ जना शिक्षकहरूले विषयवस्तुहरू सुनाएर भन्न लगाउनेलाई पहिलो प्राथमिकता दिएका छन् भने दोस्रो प्राथमिकतामा वादविवाद, तेस्रो प्राथमिकतामा वक्तृत्वकला र चौथो प्राथमिकतामा रेकर्डिङहरू सुनाउने र भन्न लगाउनेलाई राखेको पाइयो । निष्कर्षमा के भन्न सकिन्छ भने सुनाइ सिपको विकासका लागि यी सबै अतिरिक्त क्रियाकलापहरूका आधारमा मूल्याङ्कन गर्दा प्रभावकारी हुने देखिन्छ ।

### ४.२.२ बोलाइ सिपको विकासका लागि प्रयोग गरिएका साधन

तालिका २

बोलाइ सिप विकासका लागि प्रयोग गरिएका साधनहरूको मूल्याङ्कन

| बोलाइ सिपको विकास | प्राथमिकता दिने शिक्षक | | | | |
|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ |
| वादविवाद | ३ | ४ | ५ | ४ | १ |
| अभिनय | ३ | - | ३ | २ | ४ |
| वस्तु वर्णन | २ | ४ | - | ४ | ३ |
| प्रश्नोत्तर | २ | २ | २ | २ | - |
| छलफल | - | १ | - | - | २ |
| जम्मा | १० | १० | १० | १० | १० |

तालिका अनुसार कक्षा छमा नेपाली विषयको बोलाइ सिपको विकासका लागि शिक्षण गर्दा कुल शिक्षक संख्यामध्ये ३ जना शिक्षकहरूले वादविवादलाई पहिलो प्राथमिकतामा राखेको पाइयो । त्यसैगरी अभिनयका लागि पनि ३ जना शिक्षकहरूले बोलाइ सिपको विकास अभिनयबाट हुन्छ भन्ने सहमति देखाए । अन्य क्रियाकलापलाई हेर्दा भने

प्रश्नोत्तर बोलाइ सिपको विकास हुन्छ र यसलाई पहिलो प्राथमिकतामा राख्ने शिक्षकहरू ३ जना रहेका छन् । यसमा छलफललाई भने कसैले पनि प्राथमिकतामा राखेका छैनन् ।

### ४.२.३ पढाइ सिपको विकासका लागि प्रयोग गरिएका साधन

तालिका ३

पढाइ सिप विकासका लागि प्रयोग गरिएका साधनहरूको मूल्याङ्कन

| प्रयोग गरिने साधन | प्राथमिकता दिने शिक्षक | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | छैटौं |
| कक्षा कार्य | ४ | ५ | ५ | ५ | ४ | - |
| गृहकार्य | ३ | २ | ३ | २ | ४ | ५ |
| मौखिक परीक्षा | १ | १ | १ | १ | २ | ३ |
| प्रयोगात्मक परीक्षा | १ | २ | १ | २ | - | २ |
| जम्मा | १० | १० | १० | १० | १० | १० |

तालिका अनुसार कक्षा छमा नेपाली विषयको शिक्षण गर्ने ५ वटा संस्थागत र ५ वटा सामुदायिक विद्यालयबाट ५/५ जना नेपाली विषयको शिक्षण गर्ने शिक्षकहरूले पढाइ सिपको मूल्याङ्कन गर्दा कक्षा कार्यकलापमा विद्यालयका शिक्षकहरू ४ जनाले कक्षा कार्यलाई पहिलो प्राथमिकतामा राखेका छन् भने अर्को विद्यालयका ५ जनाले पनि कक्षा कार्यलाई नै पहिलो प्राथमिकतामा राखेका छन् । दोस्रो प्राथमिकताको क्रममा विद्यालयका शिक्षकहरूको गृहकार्यलाई प्राथमिकतामा राखेका छन् । त्यसैगरी तेस्रो प्राथमिकताको क्रममा विद्यालयका शिक्षकहरूले मौखिक परीक्षालाई १/१ जनाले प्राथमिकतामा राखेका छन् । त्यसैगरी अन्त्यमा विद्यालयका शिक्षकहरूले प्रयोगात्मक परीक्षालाई महत्त्व दिएका छन् ।

### ४.२.४ लेखाइ सिपको विकासका लागि प्रयोग गरिएका साधन

तालिका ४

लेखाइ सिप विकासका लागि प्रयोग गरिएका साधनहरूको मूल्याङ्कन

| लेखाइ सिपको मूल्याङ्कन | प्राथमिकता दिने शिक्षक | | | |
|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| स्पष्टता र शुद्धता | ५ | - | ३ | ६ |
| वर्णविन्यास क्षमता | ३ | ५ | २ | - |
| लेखाइको द्रुतता | १ | १ | - | २ |
| अक्षराकार र ठाउँ छोडाई | १ | ४ | ५ | २ |
| जम्मा | १० | १० | १० | १० |

तालिका अनुसार कक्षा छमा भाषिक सिप विकासअन्तर्गत लेखाइ सिपको मूल्याङ्कन गर्दा १० जना शिक्षकहरूमध्ये ५ जना शिक्षकहरूले स्पष्टता र शुद्धतामा पहिलो प्राथमिकता दिएका छन् भने दोस्रो प्राथमिकतामा वर्णविन्यासगत क्षमतामा जोड दिएका छन् । अनि त्योभन्दा बढी प्राथमिकता अक्षराकार र ठाउँ छोडाइलाई दिइएको पाइन्छ । भाषिक सिपको मूल्याङ्कनमा लेखाइ सिपको मूल्याङ्कन गर्दा शिक्षकहरूले लेखाइको द्रुततालाई खासै प्राथमिकता दिइएको पाइएन । अतः लेखाइ सिपको विकासका लागि सबै पक्षलाई समान तरिकाले उपयुक्त महत्त्व दिएर मूल्याङ्कन गरेको पाइन्छ ।

### ४.२.५ व्याकरण शिक्षणको विकासका लागि प्रयोग गरिएका साधन

तालिका ५

व्याकरण शिक्षण विकासका लागि प्रयोग गरिएका साधनहरूको मूल्याङ्कन

| व्याकरण शिक्षणका पक्ष | प्राथमिकता दिने शिक्षक | | | |
|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| उच्चारणगत शुद्धता | - | ३ | ३ | २ |
| भाषिक उपयुक्तता | १ | २ | ३ | ४ |
| वर्णविन्यास शुद्धता | ३ | २ | ४ | - |
| भाषिक शुद्धता | ६ | ३ | - | ४ |
| जम्मा | १० | १० | १० | १० |

तालिका अनुसार व्याकरण शिक्षण गर्दा कुल शिक्षकहरूमध्ये ६ जना शिक्षकहरूले भाषिक शुद्धतामा जोड दिएको पाइयो भने वर्णविन्यासगत शुद्धतामा ३ जना शिक्षकले मात्र जोड दिएको पाइयो भने वर्णविन्यासगत शुद्धतामा ३ जना शिक्षकले मात्र जोड दिएको पाइयो । त्यसैगरी दोस्रो प्राथमिकतामा उच्चारणगत शुद्धता र भाषिक शुद्धतामा नै बराबरी प्राथमिकता दिइएको पाइन्छ । अन्त्यमा भाषिक उपयुक्ततालाई त्यति जोड दिएको पाइँदैन । निष्कर्षमा के भन्न सकिन्छ भने व्याकरण शिक्षण गर्दा सबै पक्षको उचित तौर तरिकाले उपयोग गरिएको पाइँदैन ।

### ४.२.६ शब्द भण्डार विकासका लागि प्रयोग गरिएका साधन

तालिका ६

शब्दार्थ शिक्षण विकासका लागि प्रयोग गरिएका साधनहरूको मूल्याङ्कन

| तरिकाहरू | प्राथमिकता दिने शिक्षक | | | |
|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| आशय बताएर | १ | ३ | ५ | ५ |
| परिभाषा राम्ररी बताएर | ४ | २ | १ | २ |
| पर्यायवाची शब्द बताएर | ५ | ३ | २ | ३ |
| विपरीतार्थी शब्द दिएर | - | २ | २ | - |
| जम्मा | १० | १० | १० | १० |

तालिका अनुसार शब्दार्थ शिक्षण गर्ने विभिन्न तरिकाहरूमध्ये ५ जना शिक्षकहरूले पर्यायवाची शब्दहरू दिएर शिक्षण गरेको पाइयो । त्यसैगरी परिभाषा राम्ररी बताएर ४ जना शिक्षकले शिक्षण गरेको पाइयो । त्यसैगरी अन्त्यमा १ जना शिक्षकले आशय बताएर शिक्षण गरेको पाइयो भने अन्य साधनलाई त्यति प्राथमिकतामा कसैले पनि राखेर शिक्षण गरेको पाइएन ।

### ४.२.७ व्यावहारिक लेखन क्षमता विकासका लागि प्रयोग गरिएका साधन

तालिका ७

व्यावहारिक लेखन विकासका लागि प्रयोग गरिएका साधनहरूको मूल्याङ्कन

| व्यावहारिक क्षमताको मूल्याङ्कन क्रियाकलाप | प्राथमिकता दिने शिक्षक | | |
|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय |
| सिर्जनात्मक अध्ययन गराउने | ७ | ४ | ३ |
| चिठीपत्रका नमुना तयार पार्न लगाउने | २ | ४ | ४ |
| विभिन्न नमुनाहरू तयार पार्न लगाउने | १ | २ | ३ |

तालिका अनुसार कक्षा छमा नेपाली भाषा शिक्षण गराउने शिक्षकहरूमध्ये व्यावहारिक लेखन क्षमताको मूल्याङ्कन गर्ने क्रममा ७ जना शिक्षकहरूले सिर्जनात्मक अध्ययन गराउनेमा बढी प्राथमिकता दिइएको पाइयो । दोस्रो प्राथमिकताको क्रममा विभिन्न नमुनाहरू तयार पार्न लगाउनेमा २ जनाले प्राथमिकता दिएका छन् । अन्त्यमा विभिन्न नमुनाहरू तयार पार्न लगाउनेमा कमै मात्रामा शिक्षकले प्राथमिकता दिएका छन् । माथिको तालिकाको व्याख्या गर्दा सबैभन्दा बढी सिर्जनात्मक अभ्यासमा जोड दिएर भाषिक मूल्याङ्कनका व्यावहारिक क्रियाकलाप अपनाएको पाइयो । निष्कर्षमा के भन्न सकिन्छ भने सबै क्रियाकलापमा प्राथमिकताको क्रममा बढाउन सकेमात्र उचित व्यावहारिक लेखन क्षमताको विकास हुने देखिन्छ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र सुझावहरू

## ५.१ सारांश

प्रस्तुत अध्ययन काभ्रे जिल्लाको कक्षा छमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरूको अध्ययनमा केन्द्रित छ । यस अध्ययनलाई पाँचवटा अध्यायमा विभाजन गरी उपयुक्त ढाँचामा सङ्गठित गरिएको छ । उक्त अध्ययनको सारवस्तुलाई यहाँ सारांशको रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधको अध्याय एकमा विषयपरिचय, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र शोधको रूपरेखाको बारेमा चर्चा गरिएको छ । त्यस्तै शोधको समस्याकथनमा कक्षा छमा भाषिक मूल्याङ्कनमा के कस्ता साधनहरूको प्रयोग र भाषिक मूल्याङ्कनको साधनको उपयोगको स्थिति के कस्तो छन् भनेर भनिएको छ । अध्ययनको उद्देश्यलाई भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरू पहिचान गर्नु, भाषिक सिपका दृष्टिले मूल्याङ्कनको साधनहरूको विश्लेषण गर्नु र भाषिक मूल्याङ्कनका साधनहरूको उपयोगको स्थिति पत्ता लगाउनुमा केन्द्रित भई व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधको अध्याय दुईमा सम्बन्धित साहित्यको पुनरावलोकन तथा सम्बद्ध कार्यको पुनरावलोकन/सैद्धान्तिक अवधारणाअन्तर्गत पुस्तक समीक्षा र सम्बद्ध शोधपत्रको समीक्षा, सम्बद्ध शोधकार्यको उपयोगिता, सैद्धान्तिक अवधारणा, मूल्याङ्कनको परिचय, भाषिक मूल्याङ्कनका सिद्धान्तहरू (भाषा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य अनुरूप हुनुपर्ने, प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट, एकपटकमा एउटा कुराको मात्र मूल्याङ्कन गर्नुपर्ने, भाषा तत्त्व र भाषिक सिपको परीक्षण गर्नुपर्ने, मूल्याङ्कनीय वस्तु र युक्तिबिचको सम्बन्ध र परीक्षणका लागि पूर्वयोजना आवश्यक छ), मूल्याङ्कनका प्रकारहरू (पदस्थापन मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन, निदानात्मक मूल्याङ्कन, निर्णयात्मक मूल्याङ्कन र भाषिक मूल्याङ्कन), भाषिक मूल्याङ्कनका प्रकारहरू (समसामयिक र औपचारिक मूल्याङ्कन, निरन्तर र अनौपचारिक मूल्याङ्कन, एकलबद्ध र समग्रताबद्ध मूल्याङ्कन, निदानात्मक र अभिक्षमता मूल्याङ्कन, उपलब्धि र दक्षतापरक मूल्याङ्कन र स्थान निर्धारण र प्रवेश मूल्याङ्कन), भाषिक मूल्याङ्कनका साधनहरू (मौखिक परीक्षा, लिखित परीक्षा,

अवलोकन र घटनावृत्त अभिलेख), भाषिक मूल्याङ्कनका साधनहरूको शैक्षणिक प्रयोजन र भाषिक मूल्याङ्कनका साधनहरूको निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरूको बारेमा यस अध्यायमा चर्चा गरिएको छ ।

अध्याय तिनमा अध्ययनको विधि र प्रक्रियाअन्तर्गत जनसङ्ख्या र नमुना छनोट, तथ्याङ्क सङ्कलन प्रक्रिया, साधनको निर्माण (प्रश्नावली, अन्तर्वार्ता), पूर्व परीक्षण, मानकीकरण, तथ्याङ्क सङ्कलन र विश्लेषण गरी व्याख्या विश्लेषण गरेर अध्याय तिनलाई अन्तिम रूप दिइएको छ ।

अध्याय चारमा कक्षा छमा ल्याइएका साधनहरूको बारेमा चर्चा परिचर्चा गरिएको छ र भाषिक सिपका दृष्टिले मूल्याङ्कनका साधनहरूको विश्लेषण गरिएको छ । विद्यालयहरूबाट सङ्कलित तथ्याङ्कलाई आवश्यकताअनुसार तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

अतः कक्षा छमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूले भाषिक मूल्याङ्कनमा के कति मात्रामा सहयोग पुऱ्याएको छ भनेर पत्ता लगाउन, विद्यालयमा शिक्षकहरूले भाषिक मूल्याङ्कनको साधनको प्रयोगले नेपाली भाषिक शिक्षण कत्तिको प्रभावकारी बनाएका छन् भनेर पत्ता लगाइयो, भाषिक सिपका दृष्टिले मूल्याङ्कनका साधनहरूलाई के कसरी विश्लेषण गरिएको छ भनेर पनि पत्ता लगाइयो । यस अध्ययनले काभ्रे जिल्लाका सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा भाषिक मूल्याङ्कनको साधनहरू शिक्षकले कत्तिको प्रयोग गर्दछन् भनेर पत्ता लगाइयो ।

## ५.२ निष्कर्ष

कक्षा छको नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएको साधनहरूको अध्ययन नामक शोध अध्ययनअन्तर्गत सङ्कलित तथ्याङ्कको विश्लेषण र विवेचनाबाट निष्कर्ष निकालिएको छ । यसअन्तर्गत काभ्रे जिल्लाका १० वटा विद्यालयहरूमा गई, ती विद्यालयमा पठनपाठन गराउने शिक्षक तथा विद्यार्थीहरूलाई तथ्याङ्क विश्लेषणका क्रममा लिइएको छ । यसरी यस शोधले सम्बन्धित विद्यालयका शिक्षकहरू, विद्यार्थीहरू र अभिभावकहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुका साथै भाषिक मूल्याङ्कनसँग सम्बन्धित कुराहरूको मूल्याङ्कन गर्दा अन्य विषयको मूल्याङ्कन भन्दा फरक ढङ्गले प्रभावकारी ढङ्गबाट मूल्याङ्कन गरिनु आवश्यक छ । भाषा विषयमा खासगरी भाषिक

सिपहरूको (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकास सम्बन्धी मूल्याङ्कन गरिनु आवश्यक छ । यसरी यस शोधमा काभ्रे जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा भाषिक मूल्याङ्कनका क्रममा अपनाइने साधनहरूको प्रभावकारिता कस्तो रह्यो भनेर भन्ने कुरा अति नै आवश्यक छ । कक्षा छमा शिक्षण सिकाइ क्रियाकलाप गर्दा वा गराउँदा विभिन्न शैक्षिक सामग्रीहरूको अभाव पाइयो ।

१. भाषिक मूल्याङ्कनअन्तर्गत मूल्याङ्कनका सबै साधन र तरिकाहरू भाषिक मूल्याङ्कनका क्षेत्रमा प्रयोग गरेका छैनन् । मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये प्रश्न, कक्षा अवलोकन, अन्तर्वार्ता, गृहकार्य र जाँच सूची मात्र प्रयोगमा आएका छन् । यी प्रयोगमा आएका साधनहरूमध्ये पनि कक्षाकार्य, गृहकार्य र प्रश्नले विशेष स्थान लिएका छन् । मूल्याङ्कनका तरिकाहरूमा वाचन, परीक्षा, प्रश्नोत्तर सुनाइ र बोलाइ अपनाइएको छ । जसमध्ये लिखित परीक्षा नै भाषिक मूल्याङ्कनको उल्लेखनीय आधार रहेको पाइन्छ ।

२. औपचारिक समयमा मात्र लिइने परीक्षाहरूबाट सही मूल्याङ्कन हुन नसकेको भन्ने विचार गरी विभिन्न साधन र तरिकाहरूद्वारा भाषिक मूल्याङ्कन गर्ने परिपाटी सिद्धान्तमा भए पनि व्यवहारमा सबै साधनहरू प्रयोगमा आएका छैनन् । साधनको प्रयोग लिखित परीक्षाले नै विशेष स्थान आगटेको छ । प्रचलित परीक्षाहरूमा एकाइ, वार्षिक र त्रैमासिक परीक्षा विशेष उल्लेखनीय रहेका छन् ।

३. यस कक्षा छमा विद्यार्थीहरूको भाषिक मूल्याङ्कनलाई अझ प्रभावकारी बनाउन विद्यालयमा संवाद, वादविवाद, हिज्जे सस्वर पठन, अन्ताक्षरी लगायत अन्य युक्ति तथा साधनहरूको प्रयोग गरी विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउने लगायतका सिर्जनात्मक क्षमता विकासका लागि कवि गोष्ठी कवि सम्मेलन, वादविवाद, अन्तरक्रिया, छलफल आदिको अभाव देखियो ।

४. यस कक्षा छमा नेपाली विषयको मूल्याङ्कनका क्रममा विद्यार्थीहरूलाई सिर्जनात्मक प्रतिभाहरू, क्षमता, स्तर लगायत आन्तरिक मूल्याङ्कनका साधनहरू अवलोकन कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, घटनावृत्त, रुजूसूची लगायतका अन्य क्रियाकलाप र युक्तिहरूको खासै प्रयोग गरिएको पाइँदैन ।

५. शिक्षण सामग्रीहरूमा क्रियाकलापका दृष्टिकोणले यस तह वा कक्षामा नेपाली भाषाको विषयको मूल्याङ्कनका क्रममा आन्तरिक मूल्याङ्कनका साधनहरूको प्रयोगभन्दा भाषिक मूल्याङ्कनका बाह्य आधारहरूलाई बढी आधार बनाएर नेपाली भाषा विषयको भाषिक मूल्याङ्कन गर्ने गरिन्छ ।

६. यस तहमा नेपाली भाषाको शिक्षणका क्रममा र भाषिक मूल्याङ्कनका क्रममा शिक्षकहरूका अनुसार भाषिकाको प्रभावका कारण अझै पनि विद्यालयमा विद्यार्थीहरू शुद्ध उच्चारण, बोल्ने लगायतका अन्य भाषिक क्रियाकलापमा दोस्रो भाषाका रूपमा नेपाली भाषालाइ सिक्नु परेको छ, त्यसै कारण दोस्रो भाषिकाको प्रत्यक्ष प्रभाव परेको देखिन्छ ।

७. प्राथमिक स्तरमा भाषिक मूल्याङ्कन गर्दा कुल शिक्षक सङ्ख्याको ५७ प्रतिशत शिक्षकले छोटो उत्तरवाला प्रश्नहरूलाई बढी प्राथमिकता दिने गरेका छन् भने ३० प्रतिशत शिक्षकले निबन्धात्मक प्रश्नलाई प्राथमिकता दिने गर्दछन् । त्यसैगरी १० प्रतिशत शिक्षकले जोडा मिलाउने प्रश्न र खाली ठाउँ भर्ने प्रश्नलाई प्राथमिकता दिने गर्दछन् । यसरी शिक्षकहरूले ठिक बेठिक र बहुवैकल्पिक प्रश्नहरूमा भाषिक मूल्याङ्कन गर्नुपर्छ भनी द्वितीय र तृतीय प्राथमिकतामा राखेका छन्, यसरी भाषिक सिपको मूल्याङ्कन गर्न खोज्नु आफैमा नराम्रो पक्ष हो ।

८. कक्षा छमा नेपाली भाषा पठनपाठन गराउने शिक्षकहरू अझसम्म पनि केही विद्यालयमा तालिम अप्राप्त गरेका छन् । त्यसैले तालिममा मूल विषय नेपाली लिई कक्षा छमा नेपाली भाषा शिक्षण गर्ने तालिम प्राप्त शिक्षकको अझै पनि अभाव देखिन्छ ।

९. कक्षा छको मेरो नेपाली किताब र यसबाट विद्यार्थीहरूले हासिल गर्नुपर्ने भाषिक सिपसँग सम्बन्धित सिकाइ उपलब्धिहरूको लेखाजोखा गर्न पाठ्यक्रमले आन्तरिक परीक्षा र बाह्य परीक्षालाई समावेश गरेर विद्यार्थीको सिकाइलाई अझ बढीभन्दा बढी प्रभावकारी बनाउनको लागि पाठ्यक्रमले निर्देशित गरेका उद्देश्यका आधारमा सामुदायिक विद्यालयमा ७० प्रतिशतले मात्र भाषागत पाठ्यक्रममा निर्दिष्ट पाठ्यभारलाई वास्ता गरेको पाइँदैन ।

१०. यस कक्षा वा तहमा नेपाली विषयको पाठ्यक्रममा आन्तरिक परीक्षाको रूपमा सुनाइ र बोलाइ सिपको मूल्याङ्कन गर्नुपर्ने कुरालाई निर्देशित गरेको छ। तैपनि यस कुरालाई आत्मसात गर्न शिक्षक सङ्ख्या अति न्यून छ। कुल शिक्षक सङ्ख्याको १५ प्रतिशत शिक्षकले मात्र आन्तरिक परीक्षाको रूपमा चार भाषिक मूल्याङ्कन गर्ने गरेको पाइन्छ। तसर्थ अधिकांश भाषा शिक्षकलाई पाठ्यक्रममा निर्धारित आन्तरिक परीक्षासम्बन्धी पाठ्यक्रमगत ज्ञान छैन।

११. यस कक्षामा नेपली विषयअन्तर्गत आन्तरिक परीक्षाको रूपमा भाषिक मूल्याङ्कन गर्दा कूल शिक्षक सङ्ख्याको ५० प्रतिशत शिक्षकले एकाइ परीक्षालाई उपयोग गरेका छन् । जसमा सामुदायिक विद्यालयको हकमा ६० प्रतिशत शिक्षकले त्रैमासिक परीक्षालाई उपयोग गरेको पाइन्छ। यसरी आन्तरिक रूपमा भाषिक मूल्याङ्कन गर्दा अधिकांश सामुदायिक विद्यालयले वार्षिक परीक्षालाई नै जोड दिने गरेको पाइयो।

१२. भाषिक विकासका लागि भाषाका चारवटै सिपको क्षमता विकास गर्नु अति आवश्यक छ । सुनाइ सिपको विकासको लागि पनि विभिन्न क्रियाकलापको आवश्यकता पर्दछ। सुनाइ सिप शिक्षण गर्ने विभिन्न कार्यकलापमा श्रुतिबोधात्मक प्रश्नोत्तरलाई जम्मा शिक्षक संस्थाको ५० प्रतिशतले पहिलो प्राथमिकता दिएका छन् । अन्य श्रुतिलेखन, वर्णविभेदीकरण, बुँदा टिपोट, श्रुति रचना जस्ता कार्यकलापहरूलाई कमै मात्रामा महत्त्व दिएको पाइन्छ।

१३. मूल्याङ्कनार्थ प्रयोग गरिएका प्रश्न, साधन र तरिकाहरूमा पनि प्रशस्त त्रुटि देखिन्छन् । प्रायः सबैजसो शिक्षकहरूले भाषिक कुशलता र सिप अनुरूप मूल्याङ्कनका साधन, तरिका र प्रश्नहरूको ठिकसँग प्रयोग गर्न सकेका छैनन् । भाषिक मूल्याङ्कनको निम्ति अपनाउनुपर्ने साधन र तिनको उचित प्रयोग गरी यसबाट विद्यार्थीलाई असल श्रोता वा वक्तामा हुनुपर्ने सिप कहाँसम्म प्राप्त भयो भन्ने कुराको लेखाजोखा गरिएको पाइँदैन । भाषिक मूल्याङ्कनद्वारा पठनपाठनको प्रक्रिया कतिसम्म प्रभावकारी भयो र शैक्षिक उद्देश्यहरू कहाँसम्म प्राप्त भयो र कुन विधि वा उपाय अपनाउने हो भन्ने तर्फ कुनै सोच विचार देखिँदैन।

१४. यस तहमा भाषिक मूल्याङ्कन गर्दा कुल शिक्षक सङ्ख्याको ६० प्रतिशत शिक्षकले छोटो उत्तरवाला प्रश्नहरूलाई बढी प्राथमिकता दिने गरेका छन् भन्ने २० प्रतिशत

शिक्षकले बहुवैकल्पिक प्रश्नलाई प्राथमिकता दिने गर्दछन् । त्यसैगरी करिब १० प्रतिशत शिक्षकले लामो उत्तरवाला प्रश्न जोडा मिलाउने प्रश्नलाई प्राथमिकता दिने गर्दछन् । यसरी २० प्रतिशत शिक्षकले बहुवैकल्पिक प्रश्नहरूबाट भाषिक सिपको मूल्याङ्कन गर्न खोज्नु आफैँमा हास्यास्पद कुरा हो ।

१५. औपचारिक समयमा मात्र लिइने परीक्षाबाट सही मूल्याङ्कन हुन नसकेको भन्ने विचार विभिन्न साधन र तरिकाहरूद्वारा भाषिक मूल्याङ्कन गर्ने परिपाटी सिद्धान्तमा भएपनि व्यवहारमा सबै साधनहरू प्रयोगमा आएका छैनन् । किनभने हाम्रा विद्यालयहरूमा नेपाली भाषा पढाउने सबै शिक्षकहरू भाषिक मूल्याङ्कनका सबै साधनहरूसँग परिचित छैनन् । साधनको प्रयोग लिखित रूपमा परीक्षाले नै विशेष स्थान ओगटेको छ । प्रचलित परीक्षाहरूमा एकाइ परीक्षा, वार्षिक, परीक्षा र त्रैमासिक परीक्षा विशेष उल्लेखनीय रहेका छन् ।

१६. यस कक्षामा नेपाली विषयको शिक्षण गर्दा शिक्षण सामग्रीहरूको प्रयोग सन्दर्भमा अपनाइएका साधन र युक्तिहरूका सन्दर्भमा शिक्षणका क्रममा आगमन, निगमन, प्रश्नोत्तर विधि, व्याख्यान विधिमध्ये व्याख्यान विधि र प्रश्नोत्तर विधिलाई अरू विधिहरूभन्दा बढी प्राथमिकता दिइएको पाइयो । यसका साथै अभिनय, छलफल, प्रवचन विधि र तुलनात्मक विधिको प्रयोग कम मात्रामा गरिएको पाइयो ।

१७. यस कक्षाको नेपाली भाषा शिक्षणअन्तर्गत बोलाइ सिप शिक्षणको लागि भाषा शिक्षकहरूले जोड दिने कार्यकलापहरूमा प्राथमिकता क्रमअनुसार क्रमशः कुराकानी, संवाद, प्रश्नोत्तर, छलफल, चित्रवर्णन, घटनावर्णन आदि पर्दछन् । केही शिक्षकले कुराकानी, संवादलाई प्राथमिकता दिएका छन् भने अधिकांश शिक्षकहरूले प्रश्नोत्तरलाई पहिलो प्राथमिकतामा राखेर सोही आधारमा विद्यार्थीको तह, स्तर, क्षमता, छुट्याउने कार्य गरेको पाइयो ।

१८. यस कक्षामा भाषिक मूल्याङ्कनका आन्तरिक साधनहरू जस्ता मौखिक प्रश्नहरू सोध्ने, प्रयोगात्मक परीक्षा गर्ने, घटनावृत्त अभिलेख राख्ने, युक्ति पहिचान गर्न लगाउने, स्वतन्त्र र निर्देशित लेखन कार्य गर्न लगाउने यसका साथै रुजुसूची अवस्थाको अध्ययन गर्न लगाउने कार्यमा प्रायःजसो सबै विद्यालयमा न्यूनतम पाइन्छ ।

१९. यस कक्षाको नेपाली पाठ्यपुस्तकको पठन वा व्याकरणका सन्दर्भमा शिक्षकहरूले अपनाएका शैक्षिक सामग्रीहरू खास गरी मास्क र सेतो पाटी, शिक्षक निर्दशिका लगायत अन्य व्याकरण सहयोगी पुस्तकहरू र केही शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइयो । यसरी भाषिक मूल्याङ्कन र शिक्षणका क्रममा शिक्षकहरूले अपनाउने शैक्षिक सामग्रीहरू त्यति प्रभावकारी नरहेको देखिन्छ ।

२०. भाषा शिक्षणअन्तर्गत व्याकरण शिक्षण पनि महत्त्वपूर्ण अङ्गभित्र पर्दछ । व्याकरण शिक्षण नेपाली भाषाको जटिल विधा मानिन्छ । व्याकरण शिक्षण गर्ने थुप्रै विधाहरू छन् । खासगरी विद्यालयमा व्याकरण शिक्षण गर्दा भाषिक शुद्धतामा बढी ध्यान दिएको पाइन्छ । व्याकरण शिक्षणका पक्षको लागि सही र मानक व्याकरणप्रति पनि ध्यान दिनु आवश्यक हुन्छ ।

२१. नेपाली मातृभाषी हुनेहरूले र अन्य भाषा हुनेहरूले भाषा लेखनका क्रममा विभिन्न त्रुटिहरू गर्दछन् । कक्षा छमा नपाली भाषा लेखनमा विद्यार्थीहरूले गर्ने गरेका अधिकांश त्रुटि भनेको प्राथमिकताको क्रममा ह्रस्वदीर्घसम्बन्धी, श, स र ष को प्रयोग, हलन्त र अजन्त, इ र ए को प्रयोग र चन्द्रविन्दु र शिरबिन्दु रहेका छन् ।

२२. यस कक्षामा भाषा शिक्षण गर्ने शिक्षकहरूले भाषिक कुशलता अन्तर्गत लेखाइ, पढाइ र ज्ञान मापन गर्न लामो उत्तरवाला प्रश्नहरू प्रयोग गर्ने गरेका छन् । सबैजसो कुशलता मापन गर्न लामो उत्तरवाला प्रश्नहरू प्रयोग गरेको पाइन्छ । त्यस्तै खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक प्रश्नहरू सुनाइ र बोलाइ सिप मापन गर्न प्रयोग गरिएको छ । जुन आश्चर्य लाग्दो कुरा हो । किनभने यी प्रश्नहरूको प्रयोगबाट सुनाइ, बोलाइ जस्ता भाषिक सिप मापन गर्न सकिँदैन । यसरी के भन्न सकिन्छ भने भाषिक कुशलता र सिप अनुरूप प्राथमिक स्तर भाषा शिक्षण गर्ने शिक्षकहरू प्रश्नहरूको प्रयोग गर्न जान्दैनन् ।

२३. भाषिक मूल्याङ्कन अन्तर्गत मूल्याङ्कनका सबै साधन र तरिकाहरू भाषिक मूल्याङ्कनका क्षेत्रमा अपनाइएका छैनन् । मूल्याङ्कनका विभिन्न साधनहरूमध्ये प्रश्न कक्षा अवलोकन, अन्तर्वार्ता, गृहकार्य र जाँच सूची प्रयोगमा आएका छन् । यी प्रयोगमा आएका साधनहरूमध्ये पनि कक्षा कार्य र प्रश्नले विशेष स्थान लिएका छन् । अन्य साधनहरूमा अवलोकन, अन्तर्वार्ता र जाँच सूचीको प्रयोग यताकता

मात्र भएको पाइन्छ । मूल्याङ्कनका तरिकाहरूमा वाचन, परीक्षा, प्रश्नोत्तर, सुनाइ, बोलाइ, पढाइ र लेखाइ अपनाइएको छ । जसमध्ये लिखित परीक्षा नै भाषिक मूल्याङ्कनको उल्लखनीय आधार रहेको छ ।

२४. भाषिक मूल्याङ्कनका साधन परीक्षाबाहेक अन्य साधनहरू कमै मात्रामा प्रयोग भएको प्रचलन रहेको छ । अन्य साधनहरू प्रयोगमा आए पनि व्यावहारिक रूपमा त्यसको उपयोग नहुने भएकाले त्यसको प्रयोग कमै मात्रामा शिक्षकहरूले गरेको पाइन्छ । मूल्याङ्कन गर्ने परिपाटी परम्परागत धारणाबाट टाढा नरहनुले पनि यसले मान्यता पाएको पाइँदैन मूल्याङ्कन गर्नु भनेकै कक्षोन्नति र श्रेणीकरण गर्नु मात्र हो भन्ने धारणा रहेको छ । विद्यार्थीको कक्षान्नति र श्रेणीकरणको लागि कुनै निश्चित अङ्कभार नजोडिने भएकाले पनि भाषिक मूल्याङ्कनका अनौपचारिक साधनहरूको पर्याप्त मात्रामा प्रयोग भएको पाइँदैन ।

## ५.३ सुझावहरू

"कक्षा छमा नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन" नामक यस अनुसन्धानबाट प्राप्त तथ्याङ्कका आधारमा निम्नानुसार सुझाव दिन सकिन्छ ।

१. यस कक्षा छमा नेपाली भाषा शिक्षण गर्ने सम्पूर्ण शिक्षकहरूलाई भाषा शिक्षण र भाषिक मूल्याङ्कनसम्बन्धी आवश्यक तालिम गराउनु आवश्यक छ ।

२. भाषिक सिप मूल्याङ्कनको वर्तमान परीक्षा प्रणाली एक पक्षीय देखिएको छ । अहिलेको परीक्षा प्रणाली लेखाइ सिपको मूल्याङ्कन मात्र गर्न सक्छ । अतः यस्तो एक पक्षीय परीक्षामा सुधार ल्याई सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सिपको मूल्याङ्कन गर्ने परिपाटी अपनाउन आवश्यक छ ।

३. भाषिक मूल्याङ्कनमा सुधार ल्याउन र विभिन्न साधन तथा तरिकाहरूको प्रयोग गराउन कक्षा छमा नेपाली भाषा पढाउने शिक्षकहरूलाई मूल्याङ्कनका सबै साधनहरूसँग परिचित तुल्याउनुपर्ने देखिन्छ ।

४. कक्षा उन्नति गर्दा बाह्य परीक्षाबाट प्राप्त नतिजालाई मात्र उपयोग नगरी निरन्तर विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजालाई पनि गणना गर्नु व्यवहारसम्मत देखिन्छ ।

५. भाषा शिक्षण, भाषासिकाइ, अभ्यास र प्रयोगमा आधारित हुने भएकाले यससँग सम्बन्धित शैक्षिक सामग्रीहरूको उचित तरिकाले निर्माण गरी त्यसको उपयोग गर्नु अति आवश्यक देखिन्छ ।

६. सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिपमा विद्यार्थीहरूलाई दक्ष बनाउन कक्षामा भाषा शिक्षकले प्रशस्त अभ्यास र कार्यकलापहरू गर्नुपर्ने आवश्यक देखिन्छ ।

७. भाषिक मूल्याङ्कनअन्तर्गत लिखित परीक्षा, मौखिक परीक्षा र अवलोकन अन्य विभिन्न साधनहरूको आवश्यताअनुसार भाषिक सिपको विकास गराउने किसिमले प्रयोग गर्नुपर्दछ ।

८. यस कक्षामा भाषा शिक्षण गर्ने अधिकांश शिक्षकहरूले दोस्रो विषय र विकल्पको रूपमा नेपाली विषय शिक्षण गर्ने गरेको पाइएकोले सो नगरी सम्पूर्ण शिक्षकहरूले मुख्य विषयको रूपमा नेपाली शिक्षण गर्नु आवश्यक देखिन्छ ।

९. यस कक्षामा नेपाली भाषा शिक्षण गर्ने कूल शिक्षक सङ्ख्याको ६५ प्रतिशत शिक्षकहरूले पुरानो शिक्षा प्रणाली अनुरूपको योग्यता प्राप्त गरेकाले ती शिक्षकहरूलाई भाषा शिक्षण र भाषिक मूल्याङ्कनसम्बन्धी पुनर्ताजगी तालिम प्रदान गर्नु पर्ने देखिन्छ ।

१०. भाषिक मूल्याङ्कनका सिद्धान्तअनुरूप मूल्याङ्कन प्रक्रियालाई आवश्यकता अनुसार प्रयोग गर्नुपर्ने देखिन्छ ।

११. भाषा शिक्षण गर्ने सम्पूर्ण शिक्षकहरूलाई भाषिक मूल्याङ्कनसम्बन्धी आवश्यक तालिम उपलब्ध गराउनु आवश्यक पर्दछ ।

१२. भाषिक सिप मूल्याङ्कनको चारवटै सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को मूल्याङ्कन गर्ने तरिकाको उचित व्यवस्थापन गरी लागू गर्नुपर्ने आवश्यक छ । वर्तमान समयमा लिखित परीक्षाको माध्यमबाट लेखाइ सिपको मात्र विकास गर्ने परिपाटीलाई आत्मसात् गर्दै अन्य सिपको विकासको लागि उचित युक्तिहरू अपनाइनु आवश्यक छ ।

१३. भाषिक मूल्याङ्कनलाई स्वच्छ मूल्याङ्कनका रूपमा लिन लिखित परीक्षाको साथसाथै प्रयोगात्मक, मौखिक र विभिन्न अभिलेखहरूको पनि सोही अनुरूप प्रयोग हुनुपर्दछ ।

१४. यस कक्षामा नेपाली विषय अध्यापन गर्ने केही शिक्षकहरूलाई नेपाली विषयको सामान्य पाठ्यक्रमगत ज्ञान (साप्ताहिक पाठ्यभार, उद्देश्य आन्तरिक परीक्षालाई छुट्याइएको अङ्क भाषिक मूल्याङ्कनका साधन र तरिकाहरूको उपयोग आदि) पनि नभएकाले तालिम, सेमिनार जस्ता माध्यमबाट भाषा शिक्षकलाई सोसम्बन्धी आवश्यक ज्ञान प्रदान गर्नु आवश्यक देखिन्छ ।

१५. आन्तरिक परीक्षाका रूपमा सुनाइ बोलाइ जस्ता भाषिक सिपको विकास गर्न भाषा शिक्षकले विद्यालयमा पर्याप्त मात्रामा हाजिरी जवाफ, वादविवाद र वक्तृत्व जस्ता अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

१६. भाषिक मूल्याङ्कनका सबै साधन तथा तरिकाहरू समय र परिस्थितिअनुसार प्रयोगमा ल्याउनुपर्दछ ।

१७. खास गरेर भाषा शिक्षकहरूलाई तालिममा मूल विषय नेपाली नै लिन लगाउने व्यवस्था हुनुपर्दछ ।

१८. भाषा शिक्षण सिकाइ अभ्यास र प्रयोगमा आधारित हुने भएकाले यससँग सम्बन्धित सहायक पाठ्यसामग्री तथा शैक्षिक सामग्रीहरू निर्माण गरी त्यसको समुचित प्रयोग गर्नु आवश्यक देखिन्छ ।

१९. कक्षा उन्नति गर्दा बाह्य परीक्षाबाट प्राप्त नतिजालाई मात्र उपयोग नगरी निरन्तर विद्यार्थी मूल्याङ्कन (आनतरिक परीक्षा) बाट प्राप्त नतिजालाई पनि गणना गर्नु व्यवहार सम्मत देखिन्छ ।

२०. कक्षा छका अधिकांश शिक्षकहरूले वस्तुगत प्रश्नहरू जसमा जोडा मिलाउने, खाली ठाउँ भर्ने, ठिक-बेठिक छुट्याउने र बहुवैकल्पिक प्रश्नहरूको कम मात्रामा प्रयोग भएको देखिन्छ । यसरी यसको प्रयोगमा व्यापकता ल्याउनुपर्ने देखिन्छ ।

२१. भाषा शिक्षकहरूलाई भाषिक विषयहरूको मूल्याङ्कन गर्दा गराउँदा अन्य विषयको मूल्याङ्कन भन्दा फरक किसिमले भाषिक सिपको मूल्याङ्कन गर्नु पर्दछ ।

२२. यस कक्षामा नेपाली विषयको पठनपाठन गराउने शिक्षकले शिक्षा संकायतर्फ स्नातक वा तालिम लिएको हुनु आवश्यक देखिन्छ ।

२३. मूल्याङ्कनका साधन तथा तरिकाहरूको उचित प्रयोग गर्न जान्ने शिक्षकहरूको कदर गर्ने र नजान्नेहरूलाई सिक्न प्रोत्साहिन गर्ने व्यवहार हुनुपर्दछ ।

२४. नेपाली विषयप्रति हेर्ने दृष्टिकोणमा सुधार गरी विषयवस्तुको ज्ञान, शिक्षण विधि तथा प्रविधिहरूको आवश्यकता अनुरूप प्रयोग गर्नु आवश्यक छ ।

२५. भाषिक सिप मूल्याङ्कनको क्षेत्रमा नेपाली भाषामा अत्यन्त कम अध्ययन भएकोले यस क्षेत्रमा विस्तृत अध्ययन हुनु जरुरी छ ।

२६. सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपलाई शिक्षण प्रशिक्षण कार्यक्रमसँगै गाँसेर मूल्याङ्कन गर्ने परिपाटी अपनाउनु आवश्यक छ ।

२७. भाषिक मूल्याङ्कनका सिद्धान्त अनुरूप मूल्याङ्कन प्रक्रियालाई आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

२८. भाषा शिक्षणअन्तर्गत सबै विद्यालयमा भाषिक मूल्याङ्कनको अन्य साधनहरूका रूपमा अवलोकन, अन्तर्वार्ता, श्रणीमापन, रुजुसूची, सञ्चित अभिलेख आदिको कमै प्रयोग भएको पाइन्छ । यसमा सुधार गर्नुपर्ने देखिन्छ । यदि भाषा सिकाइ कुन रूपमा हासिल हुँदैछ भन्ने कुराको जानकारी भाषा शिक्षकलाई नभई भाषिक सिकाइमा उपलब्धि हाँसिल गर्न वा गराउन कठिनाई आएको देखिन्छ ।

## ५.४ शैक्षणिक प्रयोजन

यस शोधार्थीले प्रस्तुत अध्ययनका निम्नलिखित शैक्षिक प्रयोजन भएको अनुभव गरिएको छ ।

१. यस अनुसन्धानले भाषिक मूल्याङ्कन प्रक्रियामा आवश्यक सुधार गर्न सहयोग पुऱ्याउने छ ।

२. यस अध्ययनले कक्षा छमा आन्तरिक परीक्षाको रूपमा भाषिक मूल्याङ्कन गर्दा अपनाउनु पर्ने स्तरयुक्त साधन तथा युक्तिहरूको प्रयोगमा मद्दत गर्नेछ ।

३. यस अध्ययनले नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई भाषिक मूल्याङ्कन गर्दा अपनाउनुपर्ने निश्चित आधारहरू प्रदान गर्दछ ।

४. यस अनुसन्धानले भाषिक मूल्याङ्कन, भाषिक मूल्याङ्कनका सिद्धान्त तथा साधनहरूसँग सम्पूर्ण भाषा शिक्षणलाई परिचित गराउने छ ।

५. यस अनुसन्धानले भाषिक मूल्याङ्कन प्रक्रियामा आवश्यक सुधार गर्न सहयोग पुऱ्याउने छ ।

६. यस कक्षामा भाषा पाठ्यक्रम निर्माता पाठ्यपुस्तक निर्मातालाई भाषिक मूल्याङ्कनसँग सम्बन्धित निश्चित आधारहरू बनाउन थप सहयोग पुऱ्याउने विश्वास लिन सकिन्छ ।

७. यस अनुसन्धानले भाषिक मूल्याङ्कन गर्ने परीक्षकहरूलाई समेत तत्सम्बन्धी मार्ग निर्देशन गर्न मद्दत पुऱ्याउने कुरामा विश्वास गर्न सकिन्छ ।

८. यस अध्ययनले भाषा शिक्षक, भाषा पाठ्यक्रमविद्, पाठ्यपुस्तक निर्माता, मूल्याङ्कनकर्ता, विद्यार्थी वर्ग आदि सबैलाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने कुरामा पूर्ण विश्वास गर्न सकिन्छ ।

९. यस अनुसन्धानबाट कक्षा छमा परीक्षा सञ्चालनका क्रममा समय समयमा आवश्यक सुपरिवेक्षण वा निरीक्षणका साथै शिक्षक र विद्यार्थीहरूको बिचमा आवश्यक पृष्ठपोषण दिनुका साथै लिखित परीक्षा बाहेक अन्य परीक्षालाई प्राथमिकता दिइएको छ ।

## ५.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

१. नेपाली भाषा शिक्षणमा प्रयोग गरिने भाषिक मूल्याङ्कनका साधनहरूको अध्ययन ।

२. कक्षा छको नेपाली पाठ्यपुस्तकको विश्लेषणको अध्ययन ।

३. भाषिक मूल्याङ्कनार्थ प्रयोग गरिएका प्रश्नहरूको एक अध्ययन ।

४. कक्षा छको भाषिक मूल्याङ्कनका लागि प्रयोग भएका प्रश्नपत्रको एक अध्ययन ।

५. कक्षा छमा नेपाली किताबमा प्रयुक्त अभ्यासको विश्लेषणको अध्ययन ।

६. कक्षा छमा नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका आन्तरिक र बाह्य साधनहरूको एक अध्ययन ।

७. कक्षा छमा कुनै कक्षाका पाठ्यपुस्तकका लागि उपयुक्त चार विधाको पाठको लेखनको अध्ययन ।

८. कुनै एउटा कक्षाको भाषिक बोध क्षमताको मूल्याङ्कन प्रविधिको अध्ययन ।

९. कक्षा छमा सुनाइ सिप विकासको लागि प्रयोग भएका साधनहरूको विस्तृत अध्ययन ।

१०. नेपाली भाषा शिक्षणमा भाषिक सिपको मूल्याङ्कन प्रक्रियाको अध्ययन ।

# सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०५७), *भाषा शिक्षण, केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल र अन्य (२०७१), *शिक्षामा मापन र मूल्याङ्कन,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ् हाउस प्रा.लि. ।

ढकाल, शान्तिप्रसाद (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

दाहाल, कुलप्रसाद (२०६८), *माध्यमिक तहमा कक्षा नौमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोग गरिएका साधनहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश, (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनसाइन पब्लिकेसन ।

पाण्डेय, शिवदत्त (२०६९), *निम्नमाध्यमिक तहमा नेपाली भाषाको भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाण्डेय, शेषकान्त (२०५९), *कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको पाठ्यक्रम अनुरूपताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, केशवराज र काफ्ले, उमेश (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रालि. ।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक परीक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, सुरज (२०६०), *प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बोहरा, शेरसिंह (२०६६), *माध्यमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रालि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लोहनी, राजेन्द्र (२०६७), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

**परिशिष्ट (क)**

**परीक्षणका निमित्त प्रयोगमा ल्याइएका विद्यालयहरूको नामावली**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | सिद्धार्थ इङ्लिस उच्च माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| २ | शिक्षा सदन माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| ३ | हिमालय माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| ४ | चैतन्य माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| ५ | आजाद माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| ६ | बालबाटिका विद्या मन्दिर माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| ७ | प्रगति प्रभात एकेडेमी माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| ८ | ज्ञानकुञ्ज माध्यमिक विद्यालय | बनेपा, काभ्रे |
| ९ | भ्याली पब्लिक स्कुल | बनेपा, काभ्रे |
| १० | काठमाडौं युनिभर्सिटी हाइ स्कुल | बनेपा, काभ्रे |

## परिशिष्ट (क)

## तथ्याङ्क सङ्कलनमा संलग्न विद्यार्थीहरू

१. सन्तोष गौतम

२. आकृति आचार्य

३. दिलिप श्रेष्ठ

४. बिबेक कार्की

५. कृति थापा

६. दिपन तिमिल्सिना

७. एष्णा श्रेष्ठ

८. सुनिम फुयाँल

९. राहुल श्रेष्ठ

१०. साहारा लामिछाने

११. आयुस साह

१२. पार्वती दुलाल

१३. सुदिप मैनाली

१४. समिर श्रेष्ठ

१५. रजनी श्रेष्ठ

१६. आरती थापा

१७. प्रसून श्रेष्ठ

१८. लुनिभा पोटे

१९. रञ्जल थापा

२०. सुदिप ढकाल

२१. सविना भुजेल

२२. रस्मिता तामाङ

२३. राजाराम श्रेष्ठ

२४. विवश सापकोटा

२५. दिपेश नेपाली

२६. राजकुमार श्रेष्ठ

२७. सुमन तामाङ

२८. एलिसा काफ्ले

२९. ओमप्रकाश चौधरी

३०. उमा सापकोटा

३१. रुस्मा सापकोटा

३२. इनिषा मगर

३३. उमेश तामाङ

३४. हरि श्रेष्ठ

३५. किरण थापा

३६. सन्तोष बहादुर श्रेष्ठ

३७. उर्मिला श्रेष्ठ

३८. निकिता लामिछाने

३९. प्रतिभा सापकोटा

४०. सुनिता ठकुरी

**तथ्याङ्क सङ्कलनका संलग्न शिक्षकहरू**

१. शारदा बाँस्तोला

२. तारादेवी अधिकारी

३. ज्ञानु दाहाल

४. कमलप्रसाद जोशी

५. उर्मिला तामाङ

६. मनोज कार्की

७. सर्मिला पौडेल

८. हरिप्रसाद दाहाल

९. मनोज पोखरेल

१०. नवीन शर्मा

# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | प्रेम बहादुर खत्री |
| जन्ममिति | : | २०४८/०८/१३ |
| ठेगाना | : | जमुनी-७, बर्दिया |
| बुवाको नाम | : | गंगा बहादुर खत्री |
| आमाको नाम | : | सिउदरी बुढा |
| नागरिक | : | नेपाली |
| लिङ्ग | : | पुरुष |
| तह | : | स्नातकोत्तर तह (एम.एड.) |
| सम्पर्क नं. | : | ९८४४८८९८५३ |

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री अमर ज्योति मा.वि., बर्दिया | २०६५ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री भृकुटी उच्च मा.वि., नेपालगञ्ज | २०६८ | द्वितीय |
| स्नातक तह (बी.एड.) | श्री मध्यपश्चिम बहुमुखी क्याम्पस, नेपालगञ्ज | २०७१ | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |